सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ माघ २०८०, बिहीबार (8 Feb 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २९० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठक

मुख्यमन्त्रीहरूको गुनासो, प्रधानमन्त्रीको आश्वासन



तस्बिर : रासस



● केदार कार्की
मुख्यमन्त्री, कोशी

प्रदेशले पाउने एकल अधिकार संघले अहिलेसम्म हस्तान्तरण नगर्दा काम गर्न अप्ठ्यारो परेको छ। प्रहरी ऐन हामीसँग छ, संरचना भने संघसँग छ। त्यस्तै, निजामती कर्मचारी ऐन बनाएर हामीले काम गर्न थाल्यौं, तर संघले बनाएको छैन। यस्ता अधिकार तत्काल ऐन बनाएर वा हस्तान्तरण गरेर संघीयतालाई परिपक्व बनाउनुपर्छ भनेका छौं। प्रधानमन्त्री सकारात्मक हुनुहुन्छ



● सुरेन्द्र पाण्डे
मुख्यमन्त्री, गण्डकी

पहिलो बैठकले केही निर्णय गरेर ६ महिनाभित्र कार्यान्वयन गरिसक्ने भनिएको थियो। तर, ६ महिना बित्दासमेत किन र के कारणले कार्यान्वयन भएनन् भन्ने विषय उठायौं। प्रहरी समायोजन होस् या संघीय कर्मचारी ऐन या जग्गा प्राप्तिको विषय, कतै पनि सोचेअनुसार उपलब्धि हुन सकेन, अब तदारुकताका साथ काम गर्नुपऱ्यो भन्यौं।



● प्रधानमन्त्रीको आश्वासन–
मप्रति भरोसा गर्नुभएको छ, यही शक्तिका साथ संघीयता कार्यान्वयनमा लाग्छु

परिषद्को बैठकै नबसेर चार वर्ष बित्यो। मैले ६ महिनामा दुईवटा बैठक राखेर संघीयता कार्यान्वयनको पहल लिएको छु। संघीयता कार्यान्वयनमा मुख्यमन्त्रीहरूले मप्रति भरोसा गर्नुभएको छ, यही शक्तिका साथ संघीयता कार्यान्वयनमा लाग्छु। यो बैठकले गति पैदा गरेको अनुभूति गरेको छु।

नयाँ पत्रिका

संविधानले नै दिएको अधिकार हस्तान्तरणमा संघले आनाकानी गर्दा प्रदेशलाई काम गर्न समस्या भएको मुख्यमन्त्रीहरूले गुनासो गरेका छन्। बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको समन्वय परिषद्को दोस्रो बैठकमा मुख्यमन्त्रीहरूले अधिकार कार्यान्वयनको माग गरेका हुन्।

कोशीका मुख्यमन्त्री केदार कार्कीले संविधानले दिएका सबै अधिकार प्रदेशमा हस्तान्तरण गर्नुपर्छ भनेर कुरा राखेको बताए। 'प्रदेशले पाउने एकल अधिकार संघले अहिलेसम्म हस्तान्तरण नगर्दा काम गर्न अप्ठ्यारो परेको छ। प्रहरी ऐन हामीसँग छ, संरचना भने संघसँग छ। त्यस्तै निजामती कर्मचारी ऐन बनाएर हामीले काम गर्न थाल्यौं, तर संघले बनाएको छैन। यस्ता अधिकार तत्काल ऐन बनाएर वा हस्तान्तरण गरेर संघीयतालाई परिपक्व बनाउनुपर्छ भनेका छौं,' उनले भने, 'प्रधानमन्त्री सकारात्मक हुनुहुन्छ। संघीयता बलियो बनाउनुपर्छ, संविधान कार्यान्वयन गर्नुपर्छ भन्ने उहाँको धारणा रह्यो।'

■ कार्यविस्तृतीकरणका लागि म्याद थप
■ चैतभित्र परिषद्को अर्को बैठक

संघ, प्रदेश र स्थानीय सरकारका कामकारबाहीमा समन्वय र सुदृढ गर्न समन्वय परिषद्को व्यवस्था गरिएको छ। ०७६ मै यससम्बन्धी कानुन बने पनि प्रधानमन्त्री प्रचण्डले गत १६ असारमा परिषद्को पहिलो बैठक पोखरामा राखेका थिए। तर, उक्त बैठकले गरेको निर्णयहरू ६ महिना बितिसक्दा पनि कार्यान्वयन नभएको विषयमा प्रश्न गरेको गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले बताए। 'पहिलो बैठकले केही निर्णय गरेर ६ महिनाभित्र कार्यान्वयन गरिसक्ने भनिएको थियो। तर, ६ महिना बित्दासमेत किन र के कारणले कार्यान्वयन भएनन् भन्ने विषय उठायौं,' उनले भने, 'प्रहरी समायोजन होस् या संघीय कर्मचारी ऐन या जग्गा प्राप्तिको विषय, कतै पनि सोचेअनुसार उपलब्धि हुन सकेन, अब तदारुकताका साथ काम गर्नुपऱ्यो भन्यौं।' परिषद्को पहिलो बैठकले संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपना हटाउने, साझा सूचीमा रहेका कानुन निर्माण गर्ने, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा तीनै तहको सरकारको

» पृष्ठ ११ मा क्रमशः

■ अदालतले सच्यायो मन्त्रिपरिषद्को नीतिगत भ्रष्टाचार

गिरीबन्धु टी इस्टेटको ३४४ बिघा जग्गा प्लटिङ गरेर बेच्ने प्रयास सर्वोच्चद्वारा बदर

तत्कालीन केपी ओली नेतृत्वको सरकारले १३ वैशाख ०७८ मा टी इस्टेटको जग्गा सट्टापट्टा गर्न दिएको स्वीकृति कानुनी प्रावधानअनुकूल नदेखिएको र अपरिपक्व रहेको सर्वोच्चको ठहर

शिल्पा कर्ण/नयाँ पत्रिका

झापास्थित गिरीबन्धु टी इस्टेटको अर्बौं मूल्यबराबरको हदबन्दीभन्दा बढी जग्गा सट्टापट्टाका नाममा बिक्री गर्ने चलखेललाई सर्वोच्च अदालतले असफल बनाएको छ। करिब तीन वर्षअघि तत्कालीन सरकारले भूमिसुधार ऐन नै संशोधन गरी अघि बढाएको सट्टापट्टाको प्रक्रिया कानुनी प्रावधानअनुकूल नदेखिएको र अपरिपक्व रहेको भन्दै बुधबार सर्वोच्च अदालतले बदर गरेको छ।

अहिलेसम्मकै 'ठूलो नीतिगत भ्रष्टाचार' मानिएको यो मुद्दामा सर्वोच्चको संवैधानिक इजलासले फैसला सुनाउँदै 'सामान्यतया हदबन्दीभन्दा बढी जग्गा जफत नै गर्नुपर्ने' आदेश दिएको छ। तत्कालीन केपी ओली नेतृत्वको सरकारले १३ वैशाख ०७८ मा टी इस्टेटको जग्गा सट्टापट्टा गर्न स्वीकृति दिएको थियो। त्यसविरुद्ध अधिवक्ता ओमप्रकाश अर्याल, भक्तराज भारतीसमेत र ओमप्रकाश मिश्रले विभिन्न मितिमा दायर गरेको रिटलाई संवैधानिक इजलासले एकसाथ सुनुवाइ गरी फैसला सुनाएको हो।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको नेतृत्वमा रहेको इजलासले सट्टापट्टा गर्ने सरकारको निर्णय र त्यसअनुसार भएका सबै कामकारबाही बदर गरेको छ। न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल र सुष्मालता माथेमाको

» पृष्ठ ११ मा क्रमशः



नयाँ पत्रिका

नीतिगत भ्रष्टाचार

ज्ञानेन्द्रले प्रत्यक्ष शासनकालमा पनि हिम्मत नगरेको काम ओलीले जोडाजोडै पूरा गरे

गिरीबन्धु टी स्टेटलाई हदबन्दीभन्दा धेरै राखेको न्यूनतम ३३ अर्बको जग्गा बिक्री गर्न मन्त्रिपरिषद्बाट अनुमति

■ ओलीको दोस्रो प्रयासपछि भयो निर्णय

■ देउवा सरकारले सच्याउला त निर्णय ?

■ यस्तो छ सर्वोच्चको आदेश

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७८/१/१३ को प्रत्यर्थी गिरीबन्धु टी इस्टेट प्रालिलाई ३४३-१९-१२ बिघा जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने विवादित निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२(ग) लगायतका कानुनी प्रावधानअनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले उक्त निर्णय र सोबमोजिम भए-गरिएका कामकारबाहीसमेत बदर हुने ठहर्छ।



पूर्वराजा ज्ञानेन्द्रको हिमालयन चियाबगानले पनि दिएको थियो सट्टापट्टको निवेदन

गिरीबन्धु टी इस्टेटको सट्टापट्टा प्रक्रिया अघि बढेलगत्तै पूर्वराजा शाहको हिमालयन महालक्ष्मी चियाबगानले पनि उद्योग स्थानान्तरणका लागि भूमि व्यवस्था तथा अभिलेख विभागमा निवेदन दिएको थियो। सो चियाबगानको नाममा दमक नगरपालिकाको वडा नम्बर १५ र ९ मा पाँच सय ७५ बिघा जग्गा छ। यो बगानलाई ग्रामीण क्षेत्रमा स्थानान्तरण गरेर जग्गा बिक्री गर्न यस्तो निवेदन दिइएको थियो। गिरीबन्धुकै प्रक्रियालाई अदालतले रोक लगाएपछि हिमालयनको निवेदनलाई विभागले त्यत्तिकै थन्क्याएको थियो। विभागका एक अधिकारीका अनुसार गिरीबन्धुको सट्टापट्टा सफल भएको अवस्थामा अरू धेरै उद्योगको हदबन्दीभन्दा धेरै जग्गा बिक्री हुने अवस्था थियो। 'त्यतिबेला धेरै कम्पनीले चासो राखेका थिए,' एक कर्मचारी भन्छन्, 'राजा महेन्द्रले ०२१ मा भूमिसम्बन्धी ऐन लागू गर्दा जग्गाको हदबन्दी तोकिएको थियो। जसअनुसार तराईमा २५ बिघासम्म मात्र जग्गा राख्न पाइन्थ्यो।'

सर्वोच्चले रोकेपछि ऐन नै संशोधन गरिएको थियो

केपी ओली दोस्रोपटक प्रधानमन्त्री भएलगत्तै चिया बगान स्थानान्तरणका लागि प्रक्रिया सुरु भएपछि भक्तराज भारतीलगायतले त्यसविरुद्ध मालपोत कार्यालय झापालाई विपक्षी बनाई रिट दायर गरेका थिए। जसमा ६ फागुन ०७५ मा सर्वोच्च अदालतले उक्त जग्गा सट्टापट्टा वा बिक्री-वितरण गर्न नपाउने भन्दै अन्तरिम आदेश दिएको थियो। तत्कालीन न्यायाधीशद्वय मिरा खड्का र हरिकृष्ण कार्कीको इजलासले त्यस्तो आदेश दिएको थियो। सर्वोच्चले रोकेपछि माफिया समूहले ०७६ मा भूमिसम्बन्धी ऐन संशोधन गराउन सफल भएको हो। २८ माघ ०७६ मा ऐन राजपत्रमा प्रकाशित भएको थियो। ऐन संशोधनका क्रममा केही सांसदले विरोध गरे पनि ठूला नेतामार्फत दबाब दिएर ऐन संशोधन गराइएको थियो। भूमिसम्बन्धी ऐनमा स्थानान्तरणको प्रावधान नभएकाले सोही चिया बगानका लागि ऐन संशोधन गरिएको हो।

राजाको पालादेखिको प्रयास, ओली सरकारको निर्णय

गिरीबन्धु टी इस्टेटले पछिल्लो २२ वर्षयता यसका लागि लबिङ गर्दै आएको थियो। विगतमा कानुन नै नहुँदा पनि स्थानान्तरणका लागि पटक-पटक दबाबकै आधारमा निर्णय गराउने प्रयास भएको थियो। तत्कालीन राजा ज्ञानेन्द्रको शासनकालमा समेत सो जग्गा बिक्रीका लागि लबिङ गरेकोमा उनीहरू असफल भएको भूमि व्यवस्था मन्त्रालयका एक कर्मचारी बताउँछन्। ओली ०७२/७३ मा प्रधानमन्त्री हुँदा पनि यससम्बन्धी प्रयास

» पृष्ठ ११ मा क्रमशः

शान्ति मिसनमा धेरै सुरक्षाकर्मी पठाउने सूचीमा नेपाल पहिलो

दोस्रो स्थानबाट पहिलोमा उक्लिएको नेपालबाट राष्ट्रसंघको मिसनमा ६ हजार २४७ सुरक्षाकर्मी

पर्शुराम काफ्ले/नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा सहभागिता जनाउन थालेको ६५ वर्षमा नेपाल सबैभन्दा धेरै सुरक्षाकर्मी पठाउने सूचीमा पहिलो भएको छ। संयुक्त राष्ट्रसंघको पछिल्लो तथ्यांकअनुसार दोस्रो स्थानबाट नेपाल पहिलो स्थानमा उक्लेको हो।



राष्ट्रसंघीय तथ्यांकअनुसार नेपाली सुरक्षाकमीको संख्या ६ हजार दुई सय ४७ छ। यो विभिन्न मिसनमा हाल परिचालित सैनिक, प्रहरी र सशस्त्र प्रहरीको संख्या हो।

'संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा सबैभन्दा धेरै सैनिक र प्रहरीसहित सुरक्षाकर्मी पठाउने देशको सूचीमा नेपाल पहिलो भएको छ,' नेपाली सेनाका प्रवक्ता सहायकरथी कृष्णप्रसाद भण्डारीले भने, 'अहिले संख्यामा केही तल-माथि परेको हुन सक्छ, तर नेपालको संख्या पहिलो छ।'

धेरै सुरक्षाकर्मी पठाउने सूचीमा बंगलादेश दोस्रो र भारत तेस्रो छ। सुरक्षाकर्मीको संख्या बंगलादेशको ६ हजार एक सय ९७ र भारतको ६ हजार ७३ छ। त्यस्तै, रुवान्डा चौथो र पाकिस्तान पाँचौं स्थानमा छन्। दक्षिण एसियाली मुलुकहरू सबैभन्दा धेरै सुरक्षाकर्मी पठाउने मुलुकको सूचीमा अग्रपंक्तिमा देखिएका छन्।

नेपालले नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई शान्ति मिसनमा पठाएको छ। विभिन्न मिसनमा नेपाली सेनाका मात्रै पाँच हजार आठ सय ८५ जना परिचालित छन्। यीमध्ये ६ सय आठजना महिला सुरक्षाकर्मी छन्। १२ मिसनमा नेपाली सैनिक कार्यरत छन्। नेपाली सेनाका अनुसार हालसम्म राष्ट्रसंघीय छातामुनि ४४ शान्ति स्थापक मिसनमा एक लाख ४९ हजार आठ सय ९० सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले काम गरेका छन्। मिसनहरूमा कर्तव्य पूरा गर्ने सिलसिलामा ७३ सुरक्षाकर्मीले ज्यान गुमाएका छन् भने ६८ घाइते भएका छन्।

नेपाल सन् १९५५ मा राष्ट्रसंघको सदस्य भएको थियो। १९५८ देखि नेपाली सेना संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसनमा पर्यवेक्षक पठाएर पहिलोपटक सहभागी भएको हो। सेनाले सन् १९७३ देखि इजरायल र इजिप्टको सीमा साइनाईमा फौज पठाएको थियो। त्यहाँ खटिएको पुरानो

» पृष्ठ ११ मा क्रमशः

■ साइबर अपराधको ग्राफ

प्रहरीमा दैनिक ६५ उजुरी



● गत साउनदेखि २३ माघसम्म साइबर अपराधसम्बन्धी १३ हजार ३३० निवेदन प्रहरीमा दर्ता, करिब ८५ प्रतिशत अर्थात् ११ हजार ४२५ सामाजिक सञ्जालसम्बन्धी



सामाजिक सञ्जालको दुरुपयोग गरी साइबर अपराध भएको छ
● डिआइजी भीमप्रसाद ढकाल, प्रहरी प्रवक्ता

प्रविधिको विकाससँगै प्रयोगकर्ता बढिरहेका छन्। अपराधीहरूले विभिन्न सामाजिक सञ्जालको दुरुपयोग गरी साइबरजन्य अपराध गर्ने गरेका छन्। यस्ता अपराध हुन नदिन नेपाल प्रहरीले सचेतना फैलाउने, अपराधीलाई कानुनी दायरामा ल्याउने र साइबर ब्युरोलाई अझ प्रभावकारी बनाउँदै अनुसन्धान र कारबाहीलाई तीव्रता दिने अभियान चलाएको छ। यसबाट जोगिन सबै सचेत हुन आवश्यक छ।

नयाँ पत्रिका

आधुनिक प्रविधि र सामाजिक सञ्जालमा सर्वसाधारणको आकर्षण बढ्दै साइबर अपराधसम्बन्धी उजुरी बढेको बढै छन्। औसतमा दैनिक ६५ उजुरी प्रहरीमा पुग्ने गरेका छन्। तर, न्यून स्रोतसाधन, जनशक्ति र पहुँच नहुँदा धेरै निवेदनमा अनुसन्धान गर्न कठिन भइरहेको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार साइबर अपराधको संख्या दिनप्रतिदन बढिरहेको छ। औसतमा प्रहरीकहाँ दैनिक ६५ उजुरी पुग्ने गरेका छन्। हजारौं सर्वसाधारण यससम्बन्धी अपराधबाट पीडित बनेको प्रहरीको तथ्यांकले देखाएको छ।

गत साउनदेखि २३ माघसम्म साइबर अपराधसम्बन्धी १३ हजार तीन सय ३०

» पृष्ठ ११ मा क्रमशः

कस्ता-कस्ता उजुरी ?

नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी सामाजिक सञ्जालहरूमा राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अरूको सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने उजुरी छन्। त्यस्तै, सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्र हत्या गर्ने, ठगी गर्ने, दुर्व्यवहार गर्ने, पीडितहरूको तस्बिरमा अश्लीलता जोडी दुःख-हैरानी दिने, कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच पुऱ्याई डाटा नष्ट गरी हानि-नोक्सानी पुऱ्याउने उजुरी आएका छन्।

कुन सञ्जालमा कति उजुरी ?

फेसबुक/म्यासेन्जरको दुरुपयोगका नौ हजार तीन सय ५० वटा छन्। भाइबरसम्बन्धी १६, इमोका ६, युट्युबका ३९ वटा, ट्विटरका ६, इन्स्टाग्रामका चार सय ३२, वेबसाइट ह्याकिङका ६ वटा निवेदन छन्। टिकटकमा हुने अपराध पनि बढिरहेका छन्। यो अवधिमा टिकटकसम्बन्धी ६ सय ६७ वटा उजुरी दर्ता भएका छन्। टिकटकले समाजमा अराजकता फैलाउन मद्दत गरेको भन्दै सरकारले यसलाई प्रतिबन्ध नै लगाइसकेको छ। त्यस्तै, इमेलका ८० वटा, ई-सेवाका एक सय ९० र अन्य एक सय १८ वटा निवेदन प्रहरीमा परेका छन्।

सूचनाप्रविधितर्फ वित्तीय अपराध धेरै

सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराधतर्फ सामाजिक सञ्जाल ह्याकका सबैभन्दा धेरै चार सय तीनवटा उजुरी छन्। उपहार/पैसा पठाएकोसम्बन्धी दुई सय ६४ वटा, चिट्ठा परेको प्रलोभन देखाई ठगी गरेका ३३ वटा, वैदेशिक रोजगारको प्रलोभनका ३८ वटा, अनलाइन जागिर/कोठा खोजी दिनेतर्फ ३५ वटा छन्। बैंक तथा वालेट अफिसबाट बोलेको/एकाउन्ट ह्याकका एक सय ५२ वटा, मास्टर कार्ड/मनी एक्सचेन्जसमेतका ६१, भिडियो सेयरिङ र ब्ल्याकमेलिङका ३५, क्रिप्टोसँग सम्बन्धित ९५, अनलाइन सपिङका चार सय ६० वटा, सामाजिक सञ्जाल फेक आइडी ६७ वटा र अन्यतर्फ दुई सय ६२ छन्।

महानगरभित्रका महँगा अस्पतालमा अब विपन्न, बेवारिसे र असहाय बिरामीलाई निःशुल्क उपचार

■ महानगरले हालै बनाएको निःशुल्क स्वास्थ्य उपचारसम्बन्धी कार्यविधि, २०८० अनुसार लक्षित वर्गलाई दिनुपर्ने १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराउने तयारी, १ फागुनदेखि कार्यान्वयन हुने, यो व्यवस्थाबाट महिनामा कम्तीमा हजार विपन्न बिरामीले लाभ लिन सक्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले महानगरभित्र रहेका ठूला निजी अस्पतालले अनिवार्य १० प्रतिशत शय्या विपन्न, बेवारिसे र असहाय बिरामीका लागि निःशुल्क छुट्याउनुपर्ने नियम बनाएको छ। महानगरपालिकाले १ फागुनदेखि लागू हुने गरी १० प्रतिशत निःशुल्क शय्या कार्यान्वयनमा ल्याउँदै छ, यसका लागि उसले कार्यविधिसमेत पारित गरिसकेको छ। यसअन्तर्गत भर्ना भएका बिरामीले सम्पूर्ण उपचार निःशुल्क पाउनेछन्।

» पृष्ठ ११ मा क्रमशः



काठमाडौं महानगरपालिका स्वास्थ्य विभागकी निमित्त प्रमुख सजिना महर्जन भन्छिन्–

यो नियम १ फागुनदेखि लागू गर्ने तयारी पूरा गरिसकेका छौं। बिहीबारदेखि अस्पतालका प्रतिनिधि बोलाएर सफ्टवेयर चलाउन सिकाउँछौं। उहाँहरूले निःशुल्क शय्याको विवरण सफ्टवेयरमा राख्नुपर्छ, यो नियम पारदर्शी हुन्छ। लागू नगरे कारबाही हुन्छ।

सुविधा पाउने बिरामीको पहिचान कसरी हुन्छ ?

यस्तो सेवा पाउन विपन्न, असहाय र बेवारिसेको पहिचान खुल्ने कागजात चाहिन्छ। सरकारले प्रदान गरेको विपन्न वा असहाय परिचयपत्र, वडाध्यक्षले तयार पारेको सर्जमिन तथा सिफारिस, बुबाआमाको नागरिकता वा पारिवारिक पृष्ठभूमि खुल्ने विवरण आदिका आधारमा सेवा उपलब्ध हुनेछ।

अन्य बिरामीसरह उपचार र व्यवहार गर्नुपर्ने

महानगरले निःशुल्क शय्या कार्यान्वयनलाई व्यवस्थित बनाउन सफ्टवेयर तयार पारेको छ। अस्पतालहरूले बिरामीको सबै विवरण उक्त सफ्टवेयरमा राख्नुपर्नेछ। यसको पहुँच महानगरपालिका र सम्बन्धित अस्पताललाई हुनेछ। अस्पतालले निःशुल्क शय्याका बिरामीको उपचारमा कुनै विभेद गर्न पाउनेछैनन्। सबैखाले उपचार सेवा दिनुपर्नेछ। यदि कुनै अस्पतालले निःशुल्क शय्याका बिरामीसँग शुल्क लिएमा, उपचारमा हेलचेक्र्याइँ र बेवास्ता गरेमा, कर्मचारी र चिकित्सकले फरक व्यवहार गरेमा महानगरपालिकालाई जानकारी गराउन सकिनेछ। महानगरले सो अस्पताललाई कारबाही गर्ने व्यवस्थासमेत कार्यविधिमा समेटेको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अझै टुंगिएन महानगरका निलम्बित कर्मचारीमाथिको छानबिन

छानबिन समिति संयोजक भन्छन्- गम्भीर विषय हो, समय लाग्छ

शिवहरि घिमिरे/नयाँ पत्रिका

नियमविपरीत कर्मचारी थप गर्न लागेको आरोपमा निलम्बनमा परेका कर्मचारीमाथि काठमाडौं महानगरपालिकाले थालेको छानबिन अझै टुंगिएको छैन। महानगरले प्रमुख प्रशासकीय अधिकृतसहित चारजना कर्मचारीलाई निलम्बन गरेको २१ दिन पुगेको छ। तैपनि, निलम्बित कर्मचारीसँग मौखिक जवाफसमेत लिइएको छैन।

महानगरको सहरी योजना आयोगका उपाध्यक्ष डा. सुमननरसिंह राजभण्डारीको संयोजकत्वमा १७ पुसमा गठन भएको समितिले छानबिन सक्न अझै कम्तीमा १५ दिन लाग्ने जनाएको छ। संयोजक राजभण्डारीले निलम्बित कर्मचारीसँग मौखिक जवाफ लिन र अन्य प्रमाण जुटाउने काम बाँकी रहेको बताए। 'यो गम्भीर विषय हो, हामीलाई छानबिनका लागि एक महिनाको समय दिनुभएको थियो, तर उक्त समयभित्र छानबिन सकिने अवस्था देखिन्न,' उनले भने, 'यसमा अध्ययन गर्नुपर्ने भित्री विषयहरू धेरै छन्।'

महानगरकै कर्मचारीका आफन्तलाई नियमविपरीत जागिर खुवाउन लागेको फेला परेपछि महानगरपालिकाले चार कर्मचारीमाथि १६ पुसमा कारबाही अघि बढाएको थियो। उनीहरूलाई छानबिन नसकिँदासम्म कार्यालय नआउन भन्दै १७ पुसमा पत्र थमाइएको थियो। तर, छानबिन समितिले ढिलो काम गर्दा अन्योल भइरहेको निलम्बित कर्मचारी तथा स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले जानकारी दिए। 'हाम्रो गल्ती के हो भन्नेबारे मौखिम रूपमा समेत सोधिएको छैन, यो विषयलाई अझ ठूलो पार्दा हामीमा अन्योल बढेको छ,' उनले भने। कारबाहीमा परेका कर्मचारीले १७ पुसमा स्पष्टीकरण बुझाएका थिए। तर, समितिले त्यसबाहेक मौखिक कुराकानी, कार्यालयसँग जोडिएका अन्य प्रमाण जुटाउने काम बाँकी रहेको जनाएको छ।

कर्मचारी राख्ने निर्णय प्रमाणीकरण गर्दा महानगरकै वरिष्ठ शाखा अधिकृत भगवती बिडारीकी छोरीलाई जागिर खुवाउन ६ जनाको नाम उल्लेख गरिएको थियो। सो विषय थाहा पाएपछि मेयर बालेन्द्र साहले कारबाहीस्वरूप निलम्बन गरेका थिए। सो प्रकरणमा प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी, मेयर साहको सचिवालय प्रमुख नूरनिधि न्यौपाने, स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेल र वरिष्ठ शाखा अधिकृत भगवती बिडारी मुछिएका छन्। तर, प्रमुख प्रशासकीय अधिकृत अधिकारीको सामान्य प्रशासन मन्त्रालयले अन्य ठाउँमा सरुवा गरिसकेको छ। उनको ठाउँमा प्रदीप परियार आइसकेका छन्।

महानगरकी कर्मचारी बिडारीकी छोरीलाई जागिर खुवाउन स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले टिप्पणी उठाएर प्रशासकीय अधिकृतकहाँ पुऱ्याएका थिए। त्यहाँबाट सो फाइल मेयर साहका सचिवालय प्रमुख नूरनिधि न्यौपानेकहाँ पुगेको थियो। सो जानकारी पाएपछि मेयर साहले छानबिन नसकिँदासम्म चारैजनालाई निलम्बन गरेका थिए। प्रमुख प्रशासकीय अधिकृत अधिकारीको गाडीसमेत महानगरले फिर्ता ल्याएको थियो। उनको कार्यकक्षमा ताला लगाइदिएको थियो। यसबाहेक अधिकारीमाथि अन्य आर्थिक चलखेल गरेकोसमेत आरोप लागेको छ।

चारजना कर्मचारीको मिलेमतोमा महानगरको १९ नम्बर वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा एकजना थप कर्मचारी राख्ने तयारी गरिरहेका वेला मेयर साहले जानकारी पाएका थिए। हाल सो प्रवर्द्धन केन्द्रमा एकजना ल्याब टेक्निसियन, एकजना एमबिबिएस डाक्टर, एकजना फर्मासिस्ट र दुईजना स्टाफ नर्स गरी पाँच कर्मचारी छन्। नयाँ कर्मचारी नराख्ने र पुरानै कर्मचारीलाई निरन्तरता दिने विषय कार्यपालिका बैठकमा समेत निर्णय भइसकेको थियो। तर, कर्मचारी राख्ने निर्णय प्रमाणीकरण गर्दा महानगरकै वरिष्ठ शाखा अधिकृत भगवती बिडारीकी छोरीलाई जागिर खुवाउन लागेको थाहा पाएपछि मेयर साह आक्रोशित बनेका थिए। बिडारीकी छोरीलाई जागिर खुवाउन स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले टिप्पणी उठाएर प्रशासकीय अधिकृतकहाँ पुऱ्याएका थिए। त्यहाँबाट सो फाइल प्रमाणीकरण भएर मेयर साहका सचिवालय प्रमुख नूरनिधि न्यौपानेकहाँ पुगेको थियो । तर, कार्यपालिका बैठकको निर्णयविपरीत काम गरेको थाहा पाएपछि मेयर साहले कर्मचारीलाई तत्काल निलम्बन गरेका थिए।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था
प्रधान कार्यालय: लाजिम्पाट, काठमाण्डौं
फोन : ०१-४५४५४२४/२५/२६,
वेभसाइट: www.garimabank.com.np

कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

यस विकास बैंकबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत कर्जा लिई कारोबार गर्दै आउनु भएका तपसिल बमोजिमका ऋणीहरुले लिएको कर्जाको तिर्न बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दे–दस्तुर समेतको रकम बारम्बार लिखित तथा मौखिक तरताकेता गर्दा समेत तिर्न बेवास्ता गरी बुझाउन बाँकी राखेकोले यस विकास बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देज उल्लङ्घन भएको हुदाँ कर्जा नियमित तथा चुक्ता/भुक्तानी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र तिर्न बुझाउनु पर्ने बाँकी रहेको सूम्पर्ण साँवा, व्याज, हर्जना सहित अन्य दे–दस्तुर रकम बुझाई कर्जा नियमित वा चुक्ता भुक्तानी गर्नु होला। उक्त अवधि भित्र कर्जा नियमित वा चुक्ता/भुक्तानी नगरेमा यस विकास बैंकलाई कर्जा सूरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ र प्रचलित ऐन कानून एवम् यस विकास बैंकको नियमानुसार कानूनी प्रक्रिया अगाडि बढाई धितो सूरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरी विकास बैंकको लेना रकम असुल उपर गरिने र सोबाट नपुग भएमा कानून बमोजिम लेखाई दिएको जायजेथा र अन्य घर-घराना समेतबाट बाँकी लेना रकम असुल उपर गरिने र आवश्यकता अनुसार कालोसूचीमा समेत राख्न सकिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना
१) **ऋणीको नामः बजरंगी शुभ सप्लायर्स** फर्मको ठेगानाः बु.उप.म.न.पा.-११, रुपन्देही फर्म दर्ता नं.: ४३८६३/०७५/०७६ स्था.व्या. दर्ता मितिः २०७५/१२/०५, पान नं.: ६०९३९८९२८ फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही **प्रोप्राईटर/जमानीकर्ताको नामः चेतमान रास्के** बुवाको नामः बल बहादुर रास्के बाजेको नामः खर्क बहादुर रास्के स्थायी ठेगानाः आनन्दवन गा.वि.स.-६, रुपन्देही हालको ठेगानाः तिलोत्तमा न.पा.-६, रुपन्देही ना.प्र.नं.: ८/२१०६, जारी मिति :२०४६/११/११ जारी जिल्ला : रुपन्देही **कर्जा शिर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा र साना तथा मझौला आवधिक कर्जा** **शाखा कार्यालय : फर्साटिकर, रुपन्देही**	**क) नामः सीता रास्के** पतिको नाम : चेतमान रास्के ससुराको नाम : बल बहादुर रास्के स्थायी ठेगाना : तिलोत्तमा न.पा.- ६, रुपन्देही हालको ठेगाना : तिलोत्तमा न.पा.- ६, रुपन्देही ना.प्र.नं. : ३७-०१-७५-१४८७५ जारी मिति : २०७५/१२/१९ जारी जिल्ला : रुपन्देही **ख) नाम : रहिमति रासके** पतिको नामः बल बहादुर रास्के ससुराको नामः खर्क बहादुर रास्के स्थायी ठेगानाः आनन्दवन गा.वि.स.- ६, रुपन्देही हालको ठेगानाः तिलोत्तमा न.पा.- ६, रुपन्देही ना.प्र.नं. :८/१५४४५ जारी मितिः २०४५/१२/२७ जारी जिल्लाः रुपन्देही
२) **क) ऋणीको नामः होटल इन्द्रेणी एण्ड लज** फर्मको ठेगाना : इटहरी उ.म.न.पा.- ६, सुनसरी फर्म दर्ता नं.: १८३५, दर्ता मितिः २०७८/०३/०३ फर्मको पान नं.: ३००४६६६५० फर्म दर्ता निकाय : इटहरी उममहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ६ नं. वडा कार्यालय, इटहरी, सुनसरी **प्रोप्राईटर : यम बहादुर अधिकारी** **ख) ऋणी/जमानीकर्ताको नामः यम बहादुर अधिकारी** बुवाको नाम : नर बहादुर अधिकारी बाजेको नाम : गहर सिंह अधिकारी स्थायी ठेगाना : आम्बङ्ग गा.वि.स.क- २, तेह्रथुम हालको ठेगाना : इटहरी उ.म.न.पा.- २, सुनसरी ना.प्र.नं. : ४६, जारी मिति :२०४४/११/२७ जारी जिल्ला : तेह्रथुम **कर्जा शिर्षक : क) साना तथा मझौला आवधिक कर्जा र साना तथा मझौला अधिविकर्ष कर्जा** **ख) व्यक्तिगत लघुउद्यम कर्जा** **शाखा कार्यालय : इटहरी, सुनसरी** **व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना** **क) नाम : उमा अधिकारी** पतिको नाम : यम बहादुर अधिकारी ससुराको नाम : नर बहादुर अधिकारी स्थायी ठेगाना : इटहरी उ.म.न.पा.- २, सुनसरी हालको ठेगाना : इटहरी उ.म.न.पा.- २, सुनसरी ना.प्र.नं. : १०६१२२/२०६१२२ जारी मिति : २०६२/१०/२८, जारी जिल्ला : सुनसरी	**ख) नामः रोशन अधिकारी** बुवाको नाम : यम बहादुर अधिकारी बाजेको नाम : नर बहादुर अधिकारी स्थायी ठेगाना : इटहरी उ.म.न.पा.- २, सुनसरी हालको ठेगाना : इटहरी उ.म.न.पा.- २, सुनसरी ना.प्र.नं. : ०६१००५/१५५६७८ जारी मिति :२०६७/०७/११, जारी जिल्लाः सुनसरी **ग) नामः रोनिश अधिकारी** बुवाको नाम : यम बहादुर अधिकारी बाजेको नाम : नर बहादुर अधिकारी स्थायी ठेगाना : इटहरी उ.म.न.पा.- २, सुनसरी हालको ठेगाना : इटहरी उ.म.न.पा.- २, सुनसरी ना.प्र.नं. : ०६-०१-७१-११७२८ जारी मिति :२०७१/१२/१२, जारी जिल्लाः सुनसरी **घ) नामः इश्वर कार्की** बुवाको नाम : कुल वहादुर कार्की बाजेको नाम : तुला राम कार्की स्थायी ठेगाना : खांदवारी गा.वि.स.- ३, संखुवासभा हालको ठेगाना : इटहरी उ.म.न.पा.- ४, सुनसरी ना.प्र.नं. : १५९४/३६, जारी मिति :२०५५/०६/२५ जारी जिल्ला : संखुवासभा ***नोटः होटल इन्द्रेणी एण्ड लजको साना तथा मझौला आवधिक कर्जा र साना तथा मझौला अधिविकर्ष कर्जामा व्यक्तिगत धनजमानीकर्ता यम बहादुर अधिकारी, उमा अधिकारी, रोशन अधिकारी र रोनिश अधिकारी रहेको र यम बहादुर अधिकारीको व्यक्तिगत लघुउद्यम कर्जामा व्यक्तिगत धनजमानीकर्ता उमा अधिकारी र इश्वर कार्की रहेको।***
३. **ऋणीको नामः कौशिला कृषी पशुपालन फर्म** फर्मको ठेगानाः कचनकवल गा.पा.-६, झापा फर्म दर्ता नं. : ७८/१६९०/९९०६ फर्म दर्ता मिति : २०७६/०१/०५ फर्मको पान नं. : ६१०५४५२६७ फर्म दर्ता निकाय : नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापा **साझेदारहरुः निरु माया राजवंशी र कौशिला राजवंशी** **अख्तियार प्राप्त साझेदार/जमानीकर्ताको नाम : निरु माया राजवंशी** पतिको नाम : कर्णलाल राजवंशी ससुराको नाम : रतिया राजवंशी स्थायी ठेगाना : कचनकवल गा.पा.-७, झापा हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा ना.प्र.नं. : ७६१५११९० जारी मिति :२०६०/०८/२८ जारी जिल्ला : झापा **कर्जा शिर्षक : कृषि अधिविकर्ष कर्जा/लघुवित्त कर्जा** **शाखा कार्यालय : बनियानी झापा**	**क) नामः कौशिला राजवंशी** पतिको नाम : मनोहर लाल राजवंशी ससुराको नाम : सगरु राजवंशी स्थायी ठेगाना : बालुबाडी गा.वि.स.-५, झापा हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा ना.प्र.नं.: ०३/१५, जारी मिति : २०६२/०४/१० जारी जिल्ला : झापा **ख) नामः कर्णलाल राजवंशी** बुवाको नाम : रतिया राजवंशी बाजेको नाम : पानिया राजवंशी स्थायी ठेगाना : बालुवाडी गा.वि.स.-३, झापा हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा ना.प्र.नं. : ०४३०२६/५१०, जारी मिति :२०६३/११/१५ जाारी जिल्ला : झापा **ग) नामः मनोहर लाल राजवंशी** बुवाको नाम : सगरु राजवंशी बाजेको नाम : कन्ठिया राजवंशी स्थायी ठेगाना : बालुवाडी गा.वि.स.-५, झापा हालको ठेगाना : कचनकवल गा.पा.-७, झापा ना.प्र.नं.: ०४१०२६/१४८, जारी मिति : २०६५/१२/१९ जाारी जिल्लाः झापा
४. **ऋणीको नाम : कृष्णराज थपलिया** बाबुको नामः हरि प्रसाद थपलिया बाजेको नामः गंगा प्रसाद थपलिया स्थायी ठेगानाः रत्ननगर न.पा.-६, चितवन हालको ठेगानाः रत्ननगर न.पा.-९, चितवन ना.प्र.नं. : २१८४/०४४, जारी मितिः २०५५/०१/११ जारी जिल्लाः चितवन **कर्जा शिर्षक : व्यक्तिगत लघुउद्यम कर्जा** **शाखा कार्यालय : टांडी, चितवन** **व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना** **क) नामः संतोषी थपलिया** पतिको नाम : कृष्णराज थपलिया ससुराको नाम : हरि प्रसाद थपलिया स्थायी ठेगाना : रत्ननगर न.पा.-७, चितवन हालको ठेगाना : रत्ननगर न.पा.-९, चितवन ना.प्र.नं. : ३५१०२०/९४ जारी मिति : २०६७/०२/१८ जारी जिल्ला : चितवन	**ख) नामः अनित थपलिया** बाबुको नाम : कृष्णलाल थपलिया बाजेको नाम : पदमराज थपलिया स्थायी ठेगाना : रत्ननगर न.पा.-२, चितवन हालको ठेगाना : रत्ननगर न.पा.-२, चितवन ना.प्र.नं. : ८०९२/०५९ जारी मिति : २०५९/११/११ जारी जिल्ला : चितवन **ग) नामः विदुर थापा मगर** बाबुको नाम : विर बहादुर थापा मगर बाजेको नाम : बाग बहादुर थापा मगर स्थायी ठेगाना : रत्ननगर न.पा.-७, चितवन हालको ठेगाना : रत्ननगर न.पा.-९, चितवन ना.प्र.नं. : ६८३५/०५६ जारी मिति : २०५६/०७/१५ जारी जिल्ला : चितवन

ऋणीको नाम र ठेगाना	व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना
५. **ऋणीको नाम : जोया ब्यूटी पार्लर उद्योग** फर्मको ठेगानाः वी.न.न.पा.-२०, सुर्खेत फर्म दर्ता नं. : २७३४/०७२/०७३ फर्म दर्ता मिति : २०७२/०१/०७ फर्मको पान नं. : ६०४०७५०२२ फर्म दर्ता निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, सुर्खेत प्रोपराईटर : मनिसा वली **कर्जा शिर्षक : महिला उद्यमशिल कर्जा** **शाखा कार्यालय : सुर्खेत**	**क) नामः मनिसा वली** पतिको नाम : भरत वली ससुराको नाम : राम वहादुर वली स्थायी ठेगाना : वीरेन्द्रनगर न.पा.- १, सुर्खेत हालको ठेगाना : वीरेन्द्रनगर न.पा.- १, सुर्खेत ना.प्र.नं. : ६४-०१-७०-०१११४, जारी मिति :२०७०/०३/११ जारी जिल्ला : सुर्खेत **ख) नामः भरत वली** बुवाको नाम : राम वहादुर वली बाजेको नाम : बल बहादुर वली स्थायी ठेगाना : वीरेन्द्रनगर न.पा.- १, सुर्खेत हालको ठेगाना : वीरेन्द्रनगर न.पा.- १, सुर्खेत ना.प्र.नं. : ८००६२, जारी मिति : २०६३/०८/०३ जारी जिल्ला : सुर्खेत
६. **ऋणीको नाम : दुर्गा पशुपंक्षी तथा कृषि उत्पादन केन्द्र** फर्मको ठेगाना : भेरीगंगा न.पा.- २, सुर्खेत फर्म दर्ता नं. : ५२९२/०७५/०७६ फर्म दर्ता मिति : २०७६/०२/२० फर्मको पान नं. : ६०९२०६७५५ फर्म दर्ता निकायः प्रदेश सरकार, कर्णाली प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विभाग समिति, मुख्य शाखा कार्यालय, सुर्खेत **प्रोपराईटर : दुर्गा पौडेल** **कर्जा शिर्षक : कृषि आवधिक कर्जा** **शाखा कार्यालय : सुर्खेत**	**क) नामः दुर्गा पौडेल** पतिको नाम : दिपक ढकाल ससुराको नाम : हरि प्रसाद जैसी स्थायी ठेगाना : वीरेन्द्रनगर न.पा.- ९, सुर्खेत हालको ठेगाना : वीरेन्द्रनगर न.पा.- ९, सुर्खेत ना.प्र.नं. : ३७३०३७/७९४-रुपन्देही जारी मिति :२०६३/११/२७, जारी जिल्ला : सुर्खेत **ख) नामः दिपक ढकाल** बुवाको नाम : हरि प्रसाद जैसी बाजेको नाम : देवीराम जैसी स्थायी ठेगाना : लाटिकोइली गा.वि.स.- ८, सुर्खेत हालको ठेगाना : वीरेन्द्रनगर न.पा.- ९, सुर्खेत ना.प्र.नं. : ६८५६४, जारी मिति : २०६१/०६/०६ जारी जिल्ला : सुर्खेत
७. **ऋणीको नाम : ए.डि.एस.पोल्ट्री फार्म प्रा.लि.** कम्पनीको ठेगाना : परवानीपुर गा.पा.-५, बारा कम्पनी दर्ता नं.: २७३९८९/०७८/०७९ कम्पनी दर्ता मिति : २०७८/०६/१५ कम्पनीको पान नं. : ६१०११६७७७ कम्पनी दर्ता निकाय : नेपाल सरकार उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं **अख्तियार प्राप्त व्यक्ति/जमानीकर्ताको नामः सुनिल कुमार गुप्ता** बुवाको नाम : गणेश प्रसाद बाजेको नाम : प्रभुनारायण साह स्थायी ठेगाना : बहुअरी गा.वि.स.-९, बारा हालको ठेगाना : परवानीपुर गा.पा.-५, बारा ना.प्र.नं. : ३३१०८९/१४५४२ जारी मिति : २०६६/०४/२५, जारी जिल्ला : बारा **कर्जा शीर्षक : कृषि आवधिक कर्जा र कृषि अधिविकर्ष कर्जा** **शाखा कार्यालय : बिरगंज, पर्सा**	**क) नामः मिना देवी** पतिको नाम : गणेश प्र. कानु ससुराको नाम : प्रभुनारायण साह स्थायी ठेगाना : बहुअरी गा.वि.स.-९, बारा हालको ठेगाना : परवानीपुर गा.पा.-५, बारा ना.प्र.नं.: १४८१/१८५०, जारी मितिः २०४५/०२/२३ जारी जिल्ला : बारा **ख) नामः गणेश प्रसाद** बुवाको नाम : प्रभुनारायण साह बाजेको नाम : बाल गोविन्द साह कानु स्थायी ठेगाना : बहुअरी गा.वि.स.-७, बारा हालको ठेगाना : परवानीपुर गा.पा.-५, बारा ना.प्र.नं.: १४३७/३३०, जारी मिति : २०४३/०७/१३ जारी जिल्ला : बारा **ग) नामः प्रियंका कुमारी** बुवाको नाम : गणेश प्रसाद बाजेको नाम : प्रभुनारायण साह स्थायी ठेगाना : बहुअरी गा.वि.स.-७, बारा हालको ठेगाना : परवानीपुर गा.पा.-५, बारा ना.प्र.नं.: ३३-०१-७३-०८१८१ जारी मिति : २०७३/१०/१०, जारी जिल्ला : बारा **घ) नाम : राम कुमार गुप्ता** बुवाको नाम : गणेश प्रसाद बाजेको नाम : प्रभुनारायण साह स्थायी ठेगाना : परवानीपुर गा.पा.-५, बारा हालको ठेगाना : परवानीपुर गा.पा.-५, बारा ना.प्र.नं.: ३३-०१-७८-१११२५ जारी मिति : २०७८/०९/०९, जारी जिल्ला : बारा
नोटः ए.डि.एस.पोल्ट्री फार्म प्रा.लि.को मिति २०७९/११/१९ मा लगानी भएको कृषि आवधिक कर्जा र मिति २०७८/१०/१२ मा लगानी भएको कृषि अधिविकर्ष कर्जामा सुनिल कुमार गुप्ता, गणेश प्रसाद, मिना देवी, प्रियंका कुमारी र राम कुमार गुप्ता व्यक्तिगत धन जमानीकर्ताहरु रहेको र मिति २०७८/१०/१२ मा लगानी भएको कृषि आवधिक कर्जामा सुनिल कुमार गुप्ता, गणेश प्रसाद र मिना देवी व्यक्तिगत धन जमानीकर्ताहरु रहेको।	
८. **ऋणीको नाम : रिया हेल्थ पोलि क्लिनिक** फर्मको ठेगाना : वीरगंज म.न.पा. -१७, पर्सा फर्म दर्ता नं. : १३२४८/०७७/०७८ फर्म दर्ता मिति : २०७८/०३/१७ फर्मको पान नं. : ६०५१४३२७४ फर्म दर्ता निकाय : प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, वीरगंज, पर्सा **प्रोपराईटर : रविन्द्र कुमार साह** **कर्जा शिर्षक : साना तथा मझौला आवधिक कर्जा** **शाखा कार्यालय : बिरगंज, पर्सा**	**क) नामः रविन्द्र कुमार साह** बुवाको नाम : रमानन्द साह तुराहा बाजेको नाम : रामवचन साह तुराहा स्थायी ठेगाना : अलौ गा.वि.स.- ३, पर्सा हालको ठेगाना : वीरगंज म.न.पा.- १७, पर्सा ना.प्र.नं. : ७०५६३९३१ जारी मिति : २०६२/०२/२५, जारी जिल्ला : पर्सा **ख) नामः मंजु देवी साह** पतिको नाम : रविन्द्र कुमार साह ससुराको नाम : रमानन्द साह तुराहा स्थायी ठेगाना : अलौ गा.वि.स.- ३, पर्सा हालको ठेगाना : वीरगंज म.न.पा.- १७, पर्सा ना.प्र.नं. : ३४-०१-६९-०७३७९ जारी मिति : २०६९/१२/२६, जारी जिल्ला : पर्सा
९. **ऋणीको नाम : सोयब अंसारी** बुवाको नाम : महमद साहबजान अंसारी बाजेको नाम : ज्ञान मिया अंसारी स्थायी ठेगाना : इनर्वासिरा गा.वि.स.-९, बारा हालको ठेगाना : जितपुरसिमरा उ.म.न.पा-२०, बारा ना.प्र.नं.: १५४३८(५७९८/२८४७) जारी मिति : २०५५/०२/०५, जारी जिल्ला : बारा **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालय : सिमरा, बारा**	**क) नामः सैनाज खातुन** पतिको नाम : सोयब अंसारी ससुराको नाम : महमद साहबजान अंसारी स्थायी ठेगाना : ईनर्वासिरा गा.वि.स-९, बारा हालको ठेगानाः जितपुरसिमरा उ.म.न.पा-२०, बारा ना.प्र.नं.: ३३३०७५/१३८२ जारी मिति : २०६३/१०/१५ जारी जिल्ला : बारा
१०. **ऋणीको नाम : श्री राम जानकी पशु पालन फर्म** ठेगाना : बरहथवा न.पा.- ५, सर्लाही फर्म दर्ता नं. : ९२००/०७७/०७८ फर्म दर्ता मिति : २०७७/०७/१८ फर्मको पान नं. : ६१४१४९०७६ फर्म दर्ता निकाय : प्रदेश सरकार (प्रदेश नं. २) उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवा **प्रोपराईटर : जोगीन्द्र राय** **कर्जा शिर्षक : कृषि अधिविकर्ष कर्जा** **शाखा कार्यालय : बहरथवा, सर्लाही**	**क) नामः जोगीन्द्र राय** बुवाको नाम : चौधरी राय यादव बाजेको नाम : ध्यानी राय स्थायी ठेगाना : बरहथवा न.पा.- ५, सर्लाही हालको ठेगाना : बरहथवा न.पा.- ५, सर्लाही ना.प्र.नं. : ३६३३३६२७ जारी मिति : २०६०/०९/१०, जारी जिल्लाः सर्लाही **ख) नामः मरनी कुमारी** पतिको नाम : जोगीन्द्र राय ससुराको नाम : चौधरी राय यादव स्थायी ठेगाना : बरहथवा न.पा.- ५, सर्लाही हालको ठेगाना : बरहथवा न.पा.- ५, सर्लाही ना.प्र.नं. : १९-०६-७६-०३७०६ जारी मिति :२०७६/११/१४, जारी जिल्ला : सर्लाही

■ झिसमिसेको टुँडिखेल



पुस-माघको चिसोमा काठमाडौंका अधिकांश मानिस बिहान अबेरसम्म ओछ्यानमै भए पनि टुँडिखेलमा भने सधैंजसो झिसमिसेमै भिडभाड हुने गर्छ। यहाँ छ्यांग उज्यालो नहुँदै खेल खेल्नेदेखि व्यायाम गर्नेहरूसम्म पुगिसकेका हुन्छन्। कोही हातमा क्रिकेट बल र ब्याट बोकेर आउँछन् त कोही फुटबलको मज्जा लिइरहेका हुन्छन्। साथै नेपाली सेनाले घोडा दौड पनि गरिरहेको हुन्छ। **तस्बिर दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

बिस्केटका दुईवटा लिंगो योसिंखेल आइपुग्यो

भक्तपुर/ बिस्केट जात्राका लागि प्रयोग हुने ५५ हात लामो लिंगो सूर्यविनायक नगरपालिका- १० चित्तपोलस्थित सल्लाघारी वनबाट डोजर र क्रेनले तानेर भक्तपुर नगरपालिकास्थित भेलुखेलस्थित योसिंखेलमा ल्याइएको छ। तान्त्रिक विधिअनुरूप भक्तपुरमा नौ दिन आठ रातसम्म सञ्चालन हुने बिस्केट जात्रामा चैत अन्तिम दिन योसिंद्यो अर्थात् लिंगो उठाइन्छ। त्यसको भोलिपल्ट अर्थात् १ वैशाखमा उक्त लिंगो ढालेर भव्य रूपमा जात्रा मनाउने परम्परा छ।

उक्त जात्रामा काशी भैरवनाथको प्रतीक मानिने योसिंद्यो तान्त्रिक विधिअनुरूप पूजाअर्चना गरी अष्टमातृकाको प्रतीक आठवटा डोरीले तानेर उभ्याइने गरिन्छ। पुरानो वर्षको बिदाइ र नयाँ वर्ष आगमनको पूर्वसन्ध्यामा उठाउने उक्त लिंगोको टुप्पोमा नाग र नागिनीको चिह्न मानिने 'हलिङपत'रहेको हुन्छ भने लिंगो उभ्याउने क्रममा भैरवनाथ र भद्रकाली रथको उपस्थिति गराइन्छ। सल्लाघारीमा तान्त्रिक विधिअनुसार पूजाअर्चना गरी बोका र हाँस बलि दिएर सल्लाघारी वनको करिब ५५ हात लामो, नाङ्लो जत्रो गोलाइको लिंगो काटेर मानिसको हातले तानेर ल्याउने मल्लकालीन परम्परा अहिले तोडिएको छ। आगामी २७ चैतदेखि सुरु हुने बिस्केट जात्राका लागि अत्यावश्यक लिंगो डोरी लगाएर हातले तान्ने परम्परा जनशक्ति अभाव भएको भन्दै गुठी संस्थानले डोजर र क्रेनको सहयोगमा तानेर ल्याइएको हो।

अमला रोकाविरुद्ध डिफ्युजन नोटिस जारी

काठमाडौं/ अन्तर्राष्ट्रिय प्रहरी संगठन 'इन्टरपोल'ले ६० किलो सुन तस्करीमा संलग्न भएको आरोपमा अमला रोकाविरुद्ध डिफ्युजन नोटिस जारी गरेको छ।

केही महिना पहिले हङकङबाट काठमाडौं ल्याई बरामद गरिएको ६० किलो सात सय १६ ग्राम सुन तस्करीमा संलग्न देखिएकी अमलाविरुद्ध इन्टरपोलद्वारा डिफ्युजन नोटिस जारी भएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए।

डिफ्युजन नोटिस जारी गरेपछि इन्टरपोलमा आबद्ध रहेका देशले आफ्नो देशमा सम्बन्धित व्यक्ति भए वा नभएको खोजी गर्छन्। सम्बन्धित देशले आफ्नो देशमा सो व्यक्ति रहेको पत्ता लागे नेपाल पठाउने प्रक्रिया सुरु गर्छन्।

उनले भने, 'नेसनल कन्ट्रोल ब्युरो (एनसिबी) काठमाडौंले गरेको सिफारिसका आधारमा सुन तस्करीमा संलग्न रोकाविरुद्ध फेब्रुअरी ५ मा डिफ्युजन नोटिस जारी भएको हो।' अमला तिब्बतीयन मूलका बेल्जियम नागरिक दावा छिरिङकी पत्नी भएको र पतिकै कारण उनी सुन तस्करीमा जोडिएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को अनुसन्धान निष्कर्ष छ। काठमाडौंको ठमेलस्थित होटेल भियना अमलाको नाममा दर्ता रहेको जनाइएको छ।

सापकोटा कल्याण समाजको सूचना

यस समाजद्वारा प्रत्येक २/२ बर्षमा काठमाडौंको जगडोल स्थित कुलदेवी मन्दिरमा गर्

सदनमा नेताहरूबीच घोचपेच

सरकार भ्रष्टाचारीलाई कारबाही गर्नुको साटो स्टन्टबाजीमा लागेको प्रमुख प्रतिपक्षी एमालेको आरोप

कमलराज भट्ट/नयाँ पत्रिका

संसद्को हिउँदे अधिवेशनको प्रारम्भको सम्बोधनमा दलका नेताहरूले एक-अर्कालाई घोचपेच गरेका छन् । एक वर्षयता कानुन निर्माणमा उल्लेख्य प्रगति गर्न नसकेको स्वीकार गरेका दलहरूले त्यसको दोष एक-अर्कालाई लगाउनुका साथै सुशासन र विकास निर्माणका विषयमा पनि सवालजवाफमा उत्रिएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा कांग्रेस महामन्त्री गगनकुमार थापा र रास्वपा सभापति रवि लामिछानेबीच जुहारी नै चल्यो । खासगरी सुशासनको सवालमा बोल्दा थापाले सहकारी ठग र ठगका मतियारलाई कुनै उन्मुक्ति दिन नहुने भनेर लामिछानेलाई कटाक्ष गरेपछि आफ्नो पालोमा आधाभन्दा बढी समय लामिछानेले जवाफ फर्काउनमै खर्चिए । अरूमाथि औंला उठाउँदा आफ्नै पार्टीभित्र हेर्न चुनौती दिए । सम्बोधनमा एमालेले सरकार भ्रष्टाचारीको संरक्षणमा लागेर स्टन्टबाजी गरिरहेको आरोप लगायो । एमालेका सांसदहरूले कानुन निर्माण र जनजीविकाका सवालमा सक्रियताका साथ लाग्ने प्रतिबद्धता जनाउँदै क्यालेन्डरमा संसद् प्रभावकारी चल्ने विश्वास व्यक्त गरेका थिए ।

सम्बोधनमा कांग्रेसका महामन्त्री गगनकुमार थापाले संसद्लाई क्रियाशील बनाउन सरकार, सभामुख, दलहरू र समिति सभापतिहरू क्रियाशील हुनुपर्नेमा जोड दिए । 'अघिल्लो अधिवेशन हाम्रा लागि धेरै सम्झनयोग्य भएन । अब काम गर्ने तौरतरिका बदल्नुपर्नेछ । उपस्थितिलाई थप जिम्मेवार र क्रियाशील बनाउँछौं । दलहरू जिम्मेवार बन्नुपर्छ । सभामुखले क्रियाशीलता देखाउँदा समिति सभापति पनि क्रियाशील बन्नैपर्छ,' उनले भने । राज्यप्रति जनताको भरोसा टुट्दै गएको भन्दै थापाले सरकारबाट र सदनबाट भएका कामलाई जनतासँग जोड्नुपर्ने बताए । पढ्न बाहिरिरहेका विद्यार्थीलाई उच्च शिक्षामा सुधार गरेर स्वदेशमै बस्ने वातावरण बनाउनुपर्ने र यसका लागि विश्वविद्यालयमा नियुक्तिमा पार्टीभन्दा माथि उठ्नुपर्नेमा उनले जोड दिए ।

थापाले पूर्वाधार आयोजनाको बेहाल अवस्था रहेको बताए । 'हाम्रा पूर्वाधार आयोजना बेहाल छ । यस्तोमा एक-अर्कालाई आरोप-प्रत्यारोपमा छौं । कतिपय आफैंले सुरुवात गरेका पूर्वाधार छन् । सरकारमा सहभागी नभएको कुनै दल छैन । यो सामूहिक असफलता हो । समयमा पूर्वाधार बनाउन सकिरहेका छैनौं । संसद्ले राम्रोसँग छलफल गर्नुपर्नेछ,' उनले भने, 'सरकारले प्रयास गर्न खोजेको छ, तर ठीक ढंगले लय पक्रिन सकेको छैन । काम गर्ने तरिका नबदलीकन परिणाम आउँदैन ।'

■ रविमाथि प्रश्न

थापाले सुशासनमा सरकारले स्टन्टबाजी गरिरहेको भन्दै सरकारी जग्गा हडप्ने र सहकारी ठगी गर्ने तथा ठगीको मतियारलाई उन्मुक्ति नदिन माग गरे । सरकारी जग्गा हडप्ने र सहकारी ठगी प्रकरण कानुनी कारबाहीको दायरामा नआएको भन्दै उनले नाम नलिइकनै विनोद चौधरी र रवि लामिछानेको पनि आलोचना गरे । 'नेपालको सार्वजनिक जग्गा कसैले हडप्छ भने दण्ड-सजाय पाउनुपर्दैन ? जोसुकै होस्, जतिसुकै शक्तिशाली होस्, राजनीतिक शक्ति होस् कि आर्थिक शक्ति



प्रतिनिधिसभाको बुधबारको बैठकमा सहभागी सांसद । **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

होस्, जुनसुकै पदमा बसेको होस्, हातमा तागत होस् वा कलम होस्, नागरिकता बनाउन किर्ते गर्छ भने फलानो दलसँग जोडिएको छ, त्यसकारण किर्ते गरेको छ, किर्ते माफी हुन्छ, चल्छ, जतिसुकै शक्तिशाली होस्, ताकत भएको होस्, आमनागरिकले निक्षेप संकलन गरेर जम्मा गरेको सहकारीमा ठगीको धन्दा चलाउँछ, ठगीको धन्दाको मतियार हुन्छ भने कानुनी कारबाहीको दायरामा आउनुपर्दैन ? कानुनले कारबाही गर्नुपर्दैन ?' उनले सोधे ।

■ सरकार स्टन्टमा लाग्यो : एमाले

एमाले प्रमुख सचेतक पदम गिरीले जनताले आशा गर्ने ठाउँ नै नरहेको र आत्मविश्वास गुमाएर युवाहरू विदेश पलायन भइरहेको बताए । यसको समीक्षा नगरे ठीक ठाउँमा नपुगिने उनको भनाइ थियो । सरकारको गैरजिम्मेवारीपनले एक वर्षमा एउटा मात्र कानुन बन्ने अवस्था बनेको गिरीले आरोप लगाए । सरकारकै कारण संसद् र समिति प्रभावकारी बन्न नसकेको उनले टिप्पणी गरे । आफूले जिम्मेवारी ठीक ढंगले पूरा नगर्ने र अन्य निकायलाई सुशासनको कुराले अर्थ नराख्ने उनको भनाइ थियो । संसद्लाई प्रभावकारी बनाउन सरकार जिम्मेवार हुनुपर्नेमा गिरीले जोड दिए ।

मुलुकमा व्याप्त भ्रष्टाचारको संरक्षणमा सरकार लागेको, दृढ इच्छाशक्तिका साथ भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याउने काम नगरेर स्टन्टमा लागेको उनले आरोप लगाए । सांसद गिरीले युवा विदेश पलायन हुँदा गर्व गर्ने अवस्थाले देशलाई सही बाटोमा लैजान नसकिने बताए । सरकार सत्ताको ढलीमलीमा लागेको, जनता कुन पीडाबाट गुज्रिरहेको छ, वास्ता नगरेर अकर्मण्यता देखाइरहेको र यसले सिंगो व्यवस्थाप्रति नै प्रश्न उठिरहेको बताए । गिरीले सहकारी ठगी प्रकरणमा सरकारले प्रभावकारी कदम नचालेको गुनासो गर्दै ठगिएका बचतकर्ता रुँदै सडकमा आउनुपर्ने अवस्था बनेको बताए । टेरामक्स अनियमितता प्रकरणमा बयानका लागि बोलाउँदा मन्त्री अख्तियारमा नगएको उल्लेख गर्दै गिरीले यसरी देशको सुशासन कायम नहुने जिकिर गरे । गिरीले एनसेलको सेयर खरिद प्रकरणको छानबिन प्रतिवेदन कार्यान्वयन, बुद्धको समाधिस्थल लिज प्रकरणमा पनि सरकारलाई प्रश्न गरेका थिए ।

माओवादीका उपमहासचिव जनार्दन शर्माले सरकार र सदनले संविधानअनुसार विश्वासयोग्य वातावरण बनाएर आशा जगाउन सबैले मिहिनेत गर्न आवश्यक रहेको बताए । जनताका सवाल र कानुन निर्माणका आवश्यकतालाई छलफल गरेर अगाडि बढाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । संघीय लोकतान्त्रिक गणतन्त्र सबल बनाउने र सुशासनसहित आर्थिक समृद्धिको अनुकूल वातावरण बनाई मौलिक अधिकारको प्रयोग गर्न सक्ने अवस्था सिर्जना गर्नु चुनौती रहेको भन्दै शर्माले साधन-स्रोतको सही उपयोग गरेर इमानदारीपूर्वक जानुपर्ने बताए । सुशासन कायम गर्ने संस्था बलियो बनाउन राजनीतीकरण नहुने गरी निर्णय गर्न जरुरी रहेको भन्दै सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा सरकारले पहललाई तीव्रता दिन संसद्को खबरदारी, सहयोग, साथ आवश्यक भएको उनको भनाइ थियो । 'सुशासन र भ्रष्टाचारमा राजनीतिक रंग दिएर होइन सबैले आ-आफ्नो ठाउँबाट सुशासन स्थापनाका लागि मद्दत पुऱ्याउन जरुरी छ,' उनले भने । सहकारीको रकम हिनामिना गर्नेलाई कारबाहीको प्रक्रिया चलिरहेको भन्दै सरकारले अझै प्राथमिकतामा राखेर अगाडि लैजानुपर्ने उनको भनाइ थियो । शर्माले शान्ति प्रक्रियाको काम टुंग्याउँदा सत्ता र प्रतिपक्ष हुन नहुने बताए ।

माओवादीकै अमनलाल मोदीले जनताको पैसा फिर्ता गरेर सहकारी ठगी गर्नेलाई कारबाहीको दायरामा ल्याउन माग गरे ।

■ रविको जवाफ

रास्वपा सभापति रवि लामिछानेले सत्तारूढ दलका नेताको सम्बोधनमा सबै कुरा थाहा भएको भन्ने आएको भन्दै नगरेको किन भनेर प्रश्न गरे । 'सबै इतिवृत्ति थाहा रहेछ भने नगरेको किन ? रोकेको कसले ? हामी नयाँ दलले रोकेको हो त ? यदिले नयाँले रोकेको हो भने कहाँनेर रोक्यो ? त्यो पनि जानकारी पाऊँ,' उनले भने । वर्षौंदेखि चलिआएको संसद्लाई आरोप, छेडखानी, घेचपेचको ठाउँ बनाउनुभन्दा अलि फरक ढंगले जान उनले अपिल गरे । 'यदि घोचपेच र ज्ञान बाँड्ने थलो बनाउने हो भने सुरुवात आफ्नै दलबाट गर्दा सजिलो हुन्छ, आफ्नै दलतिर फर्केर हेर्दा हुन्छ होला,' उनले जवाफ फर्काए ।

नयाँ दलतिर औंला ठड्याउने हो भने आफूहरूले अनुसरण गरेका सुधारका कदम पछ्याएर आउन उनले चुनौती दिए । 'नयाँ दलतिर हेर्न खोजेको हो भने नयाँ दल त ७२ घण्टा छुट्याएर कारबाही गर्ने दल हो, पुराना दलले एकपटक आफ्नो दलभित्र चिहाएर हेर्ने हो कि ? जहाँ अदालतले फैसला गरेका मानिस अझै पनि दलमा पदाधिकारीका रूपमा रहन्छन् । सरकारी जग्गा किर्ते गर्ने मान्छे आफ्नै दलको वरपर छन् कि, तिनलाई पार्टीबाट कारबाही गरेर सुशासनको नयाँ उदाहरण पो दिने हो कि, नागरिकता किर्ते गर्नेलाई कारबाहीको दायरामा ल्याउने हो कि, सहकारीका ठगलाई कारबाहीको दायरामा ल्याउने हो कि ?' उनले सोधे ।

कांग्रेस महामन्त्री थापालाई जवाफ फर्काउने क्रममा लामिछानेले चुनाव हारेका मान्छे (कृष्ण सिटौला)लाई अर्को बाटोबाट राष्ट्रिय सभामा लैजान अगुवाइ गरेको पनि देखेको भन्दै आलोचना गरे । 'अधिकार प्राप्त निकायले बयान लिन बोलाएको भन्ने सुन्छु, जानका लागि साधन नभएको सम्पर्क गर्दा पुऱ्याइदिन्थ्यौं, त्यहाँ नपुऱ्याएको पनि देख्छु, अनि सदनबाट सुशासनको कुरा, छेडखानीको कुरा अब नगर्यौं । यो गरिरहँदा लामो शृंखला चलिरहन्छ । मिडिया मेट्रियल बन्ने कि, ल मेकर बन्ने यहाँहरूको चाहना, हामी ल मेकर बन्न उपस्थित भएका छौं,' उनले भने ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले देश भ्रष्टाचार र लुटमा अगाडि बढेको र अन्य हिसाबले पछाडि रहेको बताए । राजनीतिक परिवर्तन र गणतन्त्रका नाममा देश बेच्ने काम भएको उनको भनाइ थियो । 'भ्रष्टाचार कहाँ छ भने खोज्ने होइन, कहाँ भ्रष्टाचार छैन भनेर हेर्नुपर्ने अवस्था छ । सरकार प्रगति र सुशासनको कुरा गर्छ । गणतन्त्र आएपछि भ्रष्टाचार बढेको छ,' उनले भने ।

जसपाका प्रकाश अधिकारीले मधेशलाई मरुभूमि बनाउने गरी दुंगा-गिट्टी निकासी गर्ने कानुन ल्याएकोमा विरोध जनाए । बजेटको वितरण असमान र विभेद हुँदा सन्तुलित विकास हुन नसकेको उनको भनाइ थियो ।

जनमत पार्टीका अब्दुल खानले सदनमा उठाएका प्रश्न सरकारले नसुनेको भन्दै सार्वभौम सदनमा ठूला कुरा गरेर मात्र नहुने बताए । लोसपाका सर्वेन्द्रनाथ शुक्लले पूर्वाधार विकासमा देशले अब छलाङ लगाउन जरुरी रहेको बताए ।

कसले के भने ?



● **गगन थापा**
महामन्त्री, कांग्रेस

अघिल्लो अधिवेशन हाम्रा लागि धेरै सम्झनयोग्य भएन । अब काम गर्ने तौरतरिका बदल्नुपर्नेछ । उपस्थितिलाई थप जिम्मेवार र क्रियाशील बनाउँछौं ।



● **पदम गिरी**
प्रमुख सचेतक, एमाले

जनताले आशा गर्ने ठाउँ नै रहेन । आत्मविश्वास गुमाएर युवाहरू विदेश पलायन भइरहेका छन् । यसको समीक्षा नगरे ठीक ठाउँमा पुगिँदैन । सरकारको गैरजिम्मेवारीपनले एक वर्षमा एउटा मात्र कानुन बन्ने अवस्था बनेको छ ।



● **जनार्दन शर्मा**
उपमहासचिव, माओवादी

सुशासन कायम गर्ने संस्था बलियो बनाउन राजनीतीकरण नहुने गरी निर्णय गर्न जरुरी छ । सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा सरकारले पहललाई तीव्रता दिन संसद्को खबरदारी, सहयोग, साथ आवश्यक छ ।



● **रवि लामिछाने**
सभापति, रास्वपा

वर्षौंदेखि चलिआएको संसद्लाई आरोप, छेडखानी, घेचपेचको ठाउँ बनाउनुभन्दा अलि फरक ढंगले जाऔं । यदि घोचपेच र ज्ञान बाँड्ने थलो बनाउने हो भने सुरुवात आफ्नै दलबाट गर्दा सजिलो हुन्छ, आफ्नै दलतिर फर्केर हेर्दा हुन्छ होला ।



● **राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा

देश भ्रष्टाचार र लुटमा अगाडि बढेको र अन्य हिसाबले पछाडि परेको छ । राजनीतिक परिवर्तन र गणतन्त्रको नाममा देश बेच्ने काम भएको छ । भ्रष्टाचार कहाँ छ भने खोज्ने होइन, कहाँ भ्रष्टाचार छैन भनेर हेर्नुपर्ने अवस्था छ । सरकार प्रगति र सुशासनको कुरा गर्छ । गणतन्त्र आएपछि भ्रष्टाचार बढेको छ ।

रुसी सेनामा कार्यरतका परिवारजन संगठित अभियानमा

काठमाडौं/ रुसी सेनामा कार्यरत नेपालीका परिवारले आफन्त स्वदेश फिर्ताका लागि प्रयास गर्न, बेपत्ताको खोजी गर्न माग गर्दै संगठित अभियान थालेका छन् । उनीहरूले मंगलबार रुसी राजदूतावासमा ध्यानाकर्षणपत्र बुझाएका छन् । यसअघि गत साता माओवादी महासचिव देव गुरुङलाई भेटेर ज्ञापनपत्र बुझाएका थिए । मृतकका परिवारलाई क्षतिपूर्ति र शव नेपाल ल्याउन, सेनामा रहेकालाई नेपाल फर्काउन र नेपालबाट भर्ती नलिन रुसलाई उनीहरूले ध्यानाकर्षण गराएका छन् । सबै राजनीति दललाई ज्ञापनपत्र बुझाएर उनीहरूले सरकारलाई दबाब दिन लागेका छन् । 'पीडित परिवार तथा नागरिकको जीवनरक्षाका लागि सचेतना अभियान भनेर सुरु गरेका छौं । रुसमा मृत्यु भएकाहरूको परिवार, सम्पर्कमा नआएका व्यक्तिको परिवार र घाइतेका परिवार काठमाडौं आउनुभएको छ । हामीले उहाँहरूलाई सहयोग गरिरहेका छौं,' अभियानको अगुवाइ गरेकी एकीकृत समाजवादीकी नेतृ कृतु भण्डारीले नयाँ पत्रिकासँग भनिन् ।

९२ वर्षीय कुर्मीलाई भ्रष्टाचार मुद्दामा १० दिन कैद

काठमाडौं/ विशेष अदालतले भ्रष्टाचार मुद्दामा एक ९२ वर्षीय नागेश्वर राउत कुर्मीलाई दोषी ठहर गरेको छ । थप अर्का एक दोषी साबित हुँदा एकले सफाइ पाएका छन् । भ्रष्टाचारी ठहर भएका ९२ वर्षीय जेष्ठ नागरिकलाई उनको उमेर स्वास्थ्यावस्थालाई ध्यानमा राखी हेरचाह केन्द्रमा आवश्यक स्वास्थ्य र पोषणयुक्त खानाको व्यवस्था गरी कैद असुल गर्न विशेषले जिल्ला अदालतलाई आदेशसमेत दिएको छ । विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार गलत लिखत तयार गरी भ्रष्टाचार गरेको मुद्दामा तत्कालीन भूमिसुधार कार्यालयका भूमिसुधार अधिकारी बमबहादुर विकलाई सफाइ दिइएको छ । आंशिक ठहरको फैसला भएको यस मुद्दामा उक्त कार्यालयका तामेलदार प्राणनाथ कसजू र नक्कली मोही बनी जग्गा बाँडफाँटको निवेदन दिने नागेश्वर राउत कुर्मी भने दोषी ठहर भएका छन् । साबिकको बारा हालको पर्सा जिल्लामा पर्ने नकटुवा गाविस- ५ को एउटा कित्ता जग्गाको मोहीको लगतसम्बन्धी विवरण सच्याउने तथा थपघट गरेको भेटिएको थियो । साथै, नगवा गाविसका दुई कित्ता जग्गामा पनि मोहीको विवरण सच्याइएको भेटिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ३१ वैशाख ०७६ मा विशेषमा मुद्दा चलाएको थियो ।

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
बाग्मती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/१०/२५

मिति २०८०/०८/१९ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरूमध्ये मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतका लागि छनौट गरिएको आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि.नं	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अकं (मू.अ. कर र PS सहित)
१.	10/GRM/NCB/ Works/R/2080-81	बगण्डी झ्याङ्ग्राली सडक स्तरोन्नति तथा सोलिङ निर्माण गौरीशंकर ४	आधुनिक कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. गौरीशंकर गाउँपालिका ८, खारे	रु. ३१,६५,३३९.६८
२.	11/GRM/NCB/ Works/R/2080-81	थम्बुदेखि टोक्दिङसम्म नालीसहितको पक्की बाटो निर्माण गौरीशंकर ७	बुदे पोखरी कन्सट्रक्सन प्रा.लि., मूलपानी ०७, काठमाडौं	रु. २९,९६,८५८.४६
३.	12/GRM/NCB/ Works/R/2080-81	टासिनाम सिमिगाउँ सडक गौरीशंकर ९	बुदे पोखरी कन्सट्रक्सन प्रा.लि., मूलपानी ०७, काठमाडौं	रु. २७,७६,४११.०८
४.	13/GRM/NCB/ Works/R/2080-81	चमार बोथु चंखु सडक	छो रोल्पा कन्सट्रक्सन प्रा.लि., जोरपाटी, काठमाडौं	रु. २७,४९,७४५.७३


नि. प्रमुख प्रशासकीय अधिकृत

■ विद्यालय शिक्षा विधेयक

विद्यालयलाई कुन मोडलमा लैजाने भन्नेमा विवाद

कुन मोडलमा जाने भन्ने जटिलता छ

■ **भानुभक्त जोशी,**
सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति



विधेयकमाथि निरन्तर छलफल गरिरहेका छौं, सबैभन्दा जटिल त विद्यालयलाई कुन मोडलमा लैजाने भन्ने देखिन्छ । यदि सरकारले मात्रै चलाउने हो भने लगानी धेरै लाग्छ । निजी क्षेत्रलाई बढी अधिकार दिने हो भने अहिलेभन्दा पनि बढी सामुदायिक विद्यालयको शिक्षा बिग्रन्छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलको क्रममा रहेको विद्यालय शिक्षा विधेयकमा विद्यालय तहको शिक्षालाई कुन मोडलमा लैजाने भन्ने प्रावधानबारे विवाद सुरु भएको छ । अबको कानुनमा विद्यालय शिक्षालाई वर्तमान अवस्थामै सञ्चालन भइरहेको जस्तो बनाउने वा फरक बनाउने भन्नेबारे सांसद र विभिन्न क्षेत्रका व्यक्तिले फरक-फरक धारणा राख्न थालेका छन् ।

४. प्रस्ताव नं.४ बमोजिम सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०७९/०८० को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.२,८३,५४,०२,०००।- (अक्षरेपी दुई अर्ब त्रियासी करोड चवन्न लाख दुई हजार रुपैयाँ मात्र) को १० प्रतिशतले हुन आउने रकम रु.२८,३५,४०,२००।- (अक्षरेपी अट्ठाईस करोड पैंतिस लाख चालिस हजार दुई सय रुपैयाँ मात्र) नगद लाभांश बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृतीका लागि सभापतिज्यूले राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(ख) विशेष प्रस्ताव तर्फ :

१. प्रस्ताव नं. १ बमोजिम सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आ. व. २०७९/०८० को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजी रु.२,८३,५४,०२,०००/- (अक्षरेपी दुई अर्ब त्रियासी करोड चवन्न लाख दुई हजार रुपैयाँ मात्र) को ५ प्रतिशतका दरले हुन आउने रकम रु.१४,१७,७०,१००।- (अक्षरेपी चौध करोड सत्र लाख सत्तरी हजार एकसय रुपैयाँ मात्र) बराबरको बोनस शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु.२,९७,७१,७२,१००.०० (अक्षरेपी दुई अर्ब सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने सम्बन्धि प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

२. प्रस्ताव नं. २ बमोजिम वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धि प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. प्रस्ताव नं. ३ बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (चुक्ता पुँजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति (वा संचालक समितिले तोकेको पदाधिकारी) लाई अधिकार दिने सम्बन्धि प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

(ग) विविध : सञ्चालक नियुक्ती तथा सम्मान :

(क) यस वित्तीय संस्थाको २८६औं सञ्चालक समितिको बैठकले संस्थापक समुहका शेयरधनीहरुको तर्फबाट यस वित्तीय संस्थाको सञ्चालक समितिमा ग्लोबल आईएमई बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्नेगरी श्रीमति शान्ता शिवाकोटीलाई मिति २०८०।०१।०६ देखि लागू हुनेगरी ४ वर्षका लागि सञ्चालक पदमा मनोनित/नियुक्त हुनु भएकोले यस वार्षिक साधारण सभाद्वारा सो को अनुमोदन गर्दै सफल कार्यकालको शुभकामना सहित **प्रमाण-पत्र** प्रदान गर्ने कार्य भयो ।

(ख) यस वित्तीय संस्थाको संस्थापक समुहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा नविल बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्दै श्री मनोज कुमार यादवले मिति २०७६।०१।०६ देखि मिति २०८०।०१।०५ सम्म सञ्चालकको रुपमा रही यस वित्तीय संस्थाको प्रगतिलाई थप उचाइमा पुऱ्याउने कार्यमा वहाँको महत्वपूर्ण भुमिका र योगदानको उच्च कदर गर्दै उज्ज्वल भविष्यको कामना सहित यस वित्तीय संस्थाको २२औं वार्षिक साधारण सभाको सु-अवसरमा **कदरपत्र** प्रदान गर्ने कार्य भयो ।

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनको निर्देशन नं. ४ (१) को (घ) बमोजिम मिति २०८०/०९/२९ मा सम्पन्न २२औं वार्षिक साधारण सभाबाट पारित निर्णय विवरण (माईन्यूट) र वित्तीय संस्थाको आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, वित्तीय सुचकहरु तथा अन्य वित्तीय विवरणहरु शेयरधनीहरुको जानकारीको लागि प्रकाशित :

वैशाखमा हिमालयन हाइड्रो एक्स्पो हुँदै



नयाँ पत्रिका

लगानी सम्मेलन २०२४ लाई समेत सहयोग हुने गरी स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिस प्रालिको संयुक्त आयोजनामा चौथो संस्करणको 'हिमालयन हाइड्रो एक्स्पो, २०२४' गरिने भएको छ । आगामी वैशाख १६ र १७ गते सरकारले तेस्रो संस्करणको लगानी सम्मेलन गर्दै छ, त्यसलाई समेत सहयोग पुग्ने गरी वैशाख १२ देखि १४ सम्म काठमाडौंको भुकुटीमण्डपमा हिमालयन हाइड्रो एक्स्पो गर्न लागिएको हो । 'समृद्धिका लागि हरित ऊर्जा' भन्ने नारासहित कार्यक्रम आयोजना गर्न लागिएको हो । आयोजना संस्थाहरूले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै एक्स्पोको तयारीको काम द्रुत गतिमा अघि बढेको बताए ।

इप्पान अध्यक्ष गणेश कार्कीले १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने र १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने सरकारी लक्ष्यलाई सहयोग गर्ने गरी सम्मेलन गर्न लागेको बताए । समग्र ऊर्जा विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ एक्स्पो आयोजना गर्न लागिएको उनको भनाइ छ ।

'साथै, १२ वर्षमा १३ हजार ५०० मेगावाट विद्युत् आन्तरिक रूपमा खपत गर्ने योजना सरकारले अघि सारेको छ,' उनले भने, 'नेपालले १० वर्षमा १० हजार मेगावाट विद्युत् भारतमा निर्यात गर्ने सम्झौता पनि भर्खरै भएको छ । यस्तो अवस्थामा जलविद्युत् क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने उद्देश्यसहित एक्स्पो आयोजना गर्न लागिएको हो ।'

यस्तै, इप्पान उपाध्यक्ष आशिष गर्गले लगानी सम्मेलनलाई समेत सहयोग पुग्ने गरी एक्स्पो गरिने बताए । 'स्वदेशी तथा विदेशी लगानीकर्ता उपस्थित हुने एक्स्पोमा विभिन्न विषयमा अन्तर्क्रियासमेत हुनेछ । त्यसले उनीहरूलाई नेपालमा लगानी गर्न आकर्षित गर्नेछ,' उनले भने, 'त्यसले लगानी सम्मेलनलाई सफल बनाउन सहयोग पुग्नेछ ।' ऊर्जामा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने उद्देश्यसहित एक्स्पो आयोजना गर्न लागिएको उनको भनाइ छ ।

नेपालका साथै विभिन्न मुलुकका ऊर्जा सम्बद्ध व्यक्ति तथा संस्थाबीच पारस्परिक सहकार्यमा समेत एक्स्पोले सहजता ल्याउने इप्पानका महासचिव बलराम खतिवडाको विश्वास छ । जलविद्युत्को बजार विस्तारका साथै बाह्य लगानीमा सहकार्यको अवसर पनि एक्स्पोले उजागर गर्नेमा आफू विश्वस्त रहेको उनको भनाइ छ । सरकारले आयोजना गर्न लागेको लगानी सम्मेलनमा सहभागी हुने विदेशी लगानीकर्तालाई समेत एक्स्पोमा सहभागी गराएर लगानीको वातावरण निर्माण गर्ने इप्पानको योजना रहेको खतिवडाले बताए ।

नेपालमा उत्पादित बिजुलीको आन्तरिक खपत वृद्धि गर्न तथा निर्यात बजारीकरणको ठूलो ज्ञान र सूचना आदान-प्रदान गर्न एक्स्पो उचित गन्तव्य हुने इप्पानको अपेक्षा छ एक्स्पोमा हाइड्रो पावर निर्माता, हाइड्रो पावरका सामान उत्पादक, सप्लायर्स, डिजाइनर्स, कन्सलट्यान्ट, इन्स्योरेन्स कम्पनी, लगानीकर्ता र बैंक तथा वित्तीय संस्था, सिमेन्ट, डन्डीलगायत २०० स्टल रहने र तीमध्ये झन्डै ५० प्रतिशत विदेशी स्टल हुने इप्पानको भनाइ छ । एक्स्पोको ५० हजारभन्दा बढीले अवलोकन गर्ने अपेक्षा गरिएको छ । एक्स्पोबाट २५ अर्ब रुपैयाँभन्दा बढीको वित्तीय व्यवस्थापन, निर्माण उपकरण तथा प्रविधिको आदान-प्रदान हुने इप्पानको अपेक्षा छ ।

राजस्वको लक्ष्यअनुसार काम गर्न भैरहवा भन्सारलाई अर्थमन्त्रीको निर्देशन



भैरहवा/ अर्थमन्त्री डा. प्रकाशशरण महतले कर्मचारीले कर्तव्यनिष्ठ र समर्पित भएर काम गर्न निर्देशन दिएका छन् । बुधबार भैरहवा भन्सार कार्यालयको निरीक्षण गर्दै मन्त्री डा. महतले राजस्वको लक्ष्यअनुसार कर्तव्यनिष्ठ र समर्पित भएर काम गर्न आग्रहसमेत गरे ।

'यो जिम्मेवारी जोकोहीले पाएको छैन, धेरै मान्छे हाम्रो राज्य संयन्त्रको अंग हुन पाएका छैनन् । मेरो पनि त्यत्तिकै योग्यता थियो, हामीले पनि केही जिम्मेवारी पाए हुन्थ्यो भन्ने थुप्रै नागरिक छन्,' उच्च कर्तव्यनिष्ठताका साथ कर्मचारीले काम गर्न निर्देशन दिँदै मन्त्री डा. महतले भने, 'प्राप्त जिम्मेवारीसँगै राज्यले दिएको तलबभत्ताबाट तपाईंहरू सन्तुष्ट हुनुपर्छ । मलाई यसले पुगेन, योभन्दा मलाई ठूलो चाहिन्छ कसैले भन्छ भने उसले त्यो ठाउँ छोड्नुपर्छ । जिम्मेवारीबाट पन्छिने छुट कसैलाई छैन ।'

भैरहवा भन्सारलाई सशक्त नेतृत्व दिन, अन्य निकायसँग राम्रो समन्वय गर्न, सुरक्षा निकायसँग निरन्तर समन्वय राखेर चोरी निकासी रोक्न, छिटो भन्सारलाई सिस्टममा राख्न र जिम्मेवारीलाई उच्च सतर्कताका साथ निरन्तर खबरदारी गर्न कर्मचारीलाई उनको निर्देशन थियो ।

'कार्यरत कर्मचारी एक वर्ष नभई सरुवा गर्न नमिल्ने भन्ने अहिले छैन, क्षमतामा प्रश्न उठ्यो भने जुनसुकै वेला सरुवा हुन सक्छ,' मन्त्री डा. महतले भने, 'यद्यपि कर्मचारीलाई मैले अविश्वास गर्न खोजेको होइन ।' अहिले सहज भएको अवस्थाभन्दा कोभिडमा असहज भएका वेला भन्सार बढी उठेको विषयलाई व्याख्या गर्न नसकिने भन्दै उनले भने, 'गाडी आयात कम भयो भन्ने कुरा आएको छ, तर त्यो मात्र कारण हुन सक्दैन । त्यो कुरामा कर्मचारीले गम्भीर भएर ध्यान दिनुहोला ।' चोरी पैठारी रोक्न भन्सार नाकामा खटिने सबै तहबीच एक-अर्काको राम्रो समन्वय हुनुपर्ने अर्थमन्त्रीको जोड थियो । 'जफत गरेको सामानको लिलामीका लागि पनि समयसीमा पहिले घोषणा गर्न, भन्सार र आन्तरिक राजस्वबीच समन्वय हुन जरुरी देखिएको छ,' उनले भने, 'जाँच पासका लागि प्राविधिक रूपमा के-के चाहिन्छ, के कुराले समस्या भएको छ, त्यसको जानकारी गराउनुहोला । समस्याको सम्बोधन तुरुन्त हुन्छ ।'

स्याङ्जामा पर्यटन पूर्वाधारका ४५ योजना सञ्चालनमा

स्याङ्जा/ स्याङ्जामा चालू आर्थिक वर्षमा पर्यटन पूर्वाधार निर्माणसम्बन्धी ४५ योजना सञ्चालनमा छन् । गण्डकी प्रदेश सरकारले स्याङ्जाका ४५ योजना निर्माणका लागि बजेट विनियोजन गरेसँगै पर्यटन पूर्वाधार निर्माण थालिएको हो । जिल्लाका ११ वटै पालिकामा न्यूनतम पाँच लाखदेखि अधिकतम २० लाख रुपैयाँसम्म बजेट विनियोजन भएको पर्यटन तथा उद्योग कार्यालय स्याङ्जाका प्रमुख नारायणप्रसाद ढकाललले जानकारी दिए । यहाँका धार्मिक, ऐतिहासिक, पर्यटकीय, सांस्कृतिक महत्त्वका स्थानमा बाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्न पूर्वाधार निर्माण अगाडि बढाइएको उनले बताए ।

'प्रदेशबाट छनोट भएका योजनाको सम्झौता गर्ने, लागत योजना तयार गर्नेलगायत काम भइरहेको छ,' प्रमुख ढकाललले भने, 'केही योजना सम्पन्न भइसकेका छन् भने अधिकांश योजनाका अहिले धमाधम निर्माण काम भइरहेका छन् ।' पर्यटकीय सम्भावना बोकेका स्थलमा पर्यटकको आव

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २५ माघ ०८०

मातातीर्थमा बन्यो उपत्यकाकै ठूलो सबस्टेसन



नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले मर्स्याङ्दी-काठमाडौं प्रसारण लाइन आयोजनाअन्तर्गत काठमाडौंको मातातीर्थमा २२०/१३२ केभीको सबस्टेसन निर्माण सम्पन्न गरेको छ।

त्रिशूली र मर्स्याङ्दी नदी जलाधार क्षेत्रका जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा आपूर्ति गर्न र देशभित्रको एकीकृत विद्युत् प्रणालीलाई सुदृढ बनाउन मातातीर्थ २२०/१३२ केभी सबस्टेसन निर्माण गरिएको हो। सबस्टेसनको क्षमता ३२० एमभिए छ। योसँगै काठमाडौं उपत्यकामा विद्युत् आपूर्तिका लागि मातातीर्थ सबैभन्दा ठूलो सबस्टेसन हब बनेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

मातातीर्थ सबस्टेसनको निर्माण सम्पन्न गरी पावर ट्रान्सफर्मरलगायतका सम्पूर्ण उपकरणको सफलतापूर्वक परीक्षण गरेको उनले बताए। 'मातातीर्थ सबस्टेसनलाई २२० केभीमा चार्ज गरी सञ्चालनमा ल्याउन २२० केभीका त्रिशूली ३ बी हब या मार्कीचोक सबस्टेसन बन्नुपर्नेछ, मार्कीचोक सबस्टेसन निर्माणमा केही समय लाग्ने देखिएको छ,' उनले भने, 'त्रिशूली ३ बी हब आगामी चैतको दोस्रो साताभित्र चार्ज गर्ने गरी काम भइरहेको छ, उक्त सबस्टेसन सञ्चालनमा आएपछि मातातीर्थ सबस्टेसन २२० केभीमा चार्ज गरिनेछ।' उक्त सबस्टेसनबाट विद्युत् आपूर्ति हुन थालेपछि काठमाडौं उपत्यकाको विद्युत् आपूर्ति थप गुणस्तरीय हुने उनको भनाइ छ।

मर्स्याङ्दी नदी जलाधार क्षेत्रका जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा ल्याउन तनहुँको आँबुखैरनीस्थित मार्कीचोक सबस्टेसनबाट काठमाडौंसम्मको मर्स्याङ्दी-काठमाडौं २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भइसकेको छ। उक्त प्रसारण लाइनलाई २०७९ को असारबाट १३२ केभीमा चार्ज गरी सञ्चालनमा ल्याइएको छ। आयोजनाअन्तर्गत नै मार्कीचोकमा २२०/१३२ केभी सबस्टेसन निर्माणाधीन छ।

त्रिशूली नदी जलाधार क्षेत्रका जलविद्युत आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा ल्याउन त्रिशूली-काठमाडौं २२० केभी प्रसारण लाइन निर्माण सम्पन्न गरी १३२ केभीमा सञ्चालनमा ल्याइएको छ। मस्याङ्दी-काठमाडौं र त्रिशूली-काठमाडौं प्रसारणलाइनलाई बाडभन्ज्याङमा एकआपसमा आबद्ध गरी मल्टिसर्किट लाइनमार्फत मातातीर्थ सबस्टेसनमा समाहित गरिएको छ।

प्राधिकरणका आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधानले मर्स्याङ्दी र त्रिशूलीबाट काठमाडौं उपत्यकामा भित्रिएको विद्युत्लाई मातातीर्थ सबस्टेसनबाट १३२ केभीमार्फत स्युचाटार, चोभारलगायतका क्षेत्र र स्थानीय रूपमा आपूर्ति हुने बताए।

उपकार्यकारी निर्देशक प्रधानले मातातीर्थबाट विद्युत्लाई १३२ केभी प्रसारण लाइनमार्फत हेटौंडातर्फ समेत प्रवाह गर्न सकिने बताए।

प्राधिकरणले चोभारमा १३२ केभीको सबस्टेनको निर्माण गरिरहेको छ। मातातीर्थबाट चोभारसम्मको १३२ केभी निर्माण सम्पन्न भइसकेको छ। चोभारबाट ललितपुरको पाटनसम्म १३२ केभी भूमिगत प्रसारण लाइन र पाटनमा १३२ केभी सबस्टेसन निर्माणका लागि ठेक्का सम्झौता भइसकेको कार्यकारी निर्देशक प्रधानले उल्लेख गरे।

■ सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक प्रवर्द्धनसम्बन्धी विधेयक पारित

५० करोडभन्दा बढी पुँजी भएका सहकारीलाई राष्ट्र बैंकले नियमन गर्ने

पवन तिमिल्सिना / नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले ५० करोड रुपैयाँभन्दा बढी सेयर पुँजी भएका सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपेरीवेक्षण गर्ने भएको छ। बुधबार प्रतिनिधि सभाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक पारित गरेको छ।

सो विधेयकमा नेपाल राष्ट्र बैंक ऐन संशोधन गर्दै बचत तथा ऋण सहकारी संस्थाको नियमन केन्द्रीय बैंकलाई जिम्मा दिने व्यवस्था छ। यो विधेयक अब राष्ट्रिय सभा हुँदै राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेपछि ऐनको रूपमा लागू हुनेछ।

विधेयकमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने उल्लेख छ। त्यस्तै, ५० करोड रुपैयाँभन्दा बढी सेयर पुँजी वा सो रकमभन्दा बढीको कारोबार गर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण राष्ट्र बैंकले गर्ने उल्लेख गरिएको छ। तर, वित्तीय सुशासन तथा जोखिमका आधारमा सहकारी विभागको अनुरोधमा मात्रै केन्द्रीय बैंकको दायरामा आउने भनिएको छ। यसले नियामकीय भूमिकामा सहकारी विभागको भूमिकालाई भने यथावत् नै राखेको देखिन्छ।

यसअघि २५ करोडभन्दा बढी सेयर पुँजी भएको सहकारीलाई केन्द्रीय बैंकको दायरामा ल्याउने प्रस्ताव थियो। त्यस्तै, यस्तो नियमन उल्लंघन गरेमा सहकारी संस्थालाई समेत अन्य बैंक तथा वित्तीय संस्थासरह कारबाही गर्न सकिने व्यवस्था छ। यसका लागि सहकारी ऐनसमेत संशोधन गरिएको हो। संघीयता कार्यान्वयनपछि सहकारी संस्थाको अभिलेख र नियमनमा सरकार कमजोर भएका कारण यकिन तथ्यांक सरकारी निकायसँगै छैन। देशभर ५० करोडभन्दा बढी सेयर पुँजी भएका सहकारी संस्थाको तथ्यांक स्वयं नियामक निकाय सहकारी विभागसँग पनि छैन। सेयर पुँजीका आधारमा सहकारी संस्थाको यकिन विवरण नभएको सहकारी विभागका सूचना अधिकारी तथा उपरजिस्ट्रार टोलराज उपाध्यायले बताए। उनले भने, 'हामीले २५ करोडभन्दा बढी सेयर पुँजी भएको वा ५० करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्था राष्ट्र बैंकलाई नियमनको जिम्मामा दिने प्रस्ताव गरेका थियौं। तर, प्रमाणीकरण भएर नआएसम्म आधिकारिक मान्न सकिएन।' ऐन जारी भएपछि विभागले प्रादेशिक संयन्त्रहरूमार्फत सेयर पुँजीका आधारमा तथ्यांक संकलन गरी केन्द्रीय बैंकलाई जिम्मा लगाइदिने उनले बताए। सरकारले सहकारीको एकीकृत तथ्यांक संकलन गर्न अनलाइन प्रविधिमा आधारित सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) विकास गरेको छ। १४ हजार ८२ सहकारी संस्था यस प्रणालीमा आबद्ध छन्।



सहकारी विभागका सूचना अधिकारी तथा उपरजिस्ट्रार टोलराज उपाध्याय भन्छन्-

हामीले २५ करोडभन्दा बढी सेयर पुँजी भएको वा ५० करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्था राष्ट्र बैंकलाई नियमनको जिम्मामा दिने प्रस्ताव गरेका थियौं। तर, प्रमाणीकरण भएर नआएसम्म आधिकारिक मान्न सकिएन। ऐन जारी भएपछि विभागले प्रादेशिक संयन्त्रहरूमार्फत सेयर पुँजीका आधारमा तथ्यांक संकलन गरी केन्द्रीय बैंकलाई सुपरीवेक्षणको जिम्मा लगाइदिनेछौं। सेयर पुँजीका आधारमा सहकारी संस्थाको यकिन विवरण भने अहिले हामीसँग छैन।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

०७७ सम्म सहकारी विभागको तथ्यांकअनुसार देशभर सहकारी संस्थाको संख्या २९ हजार आठ सय ८६ छन्। जसको कुल सेयर पुँजी ९४ अर्ब १० करोडभन्दा बढी छ। तर, सहकारी विभागको नियमन क्षेत्रमा भने एक सय २५ मात्रै संस्था छन्। जसको कुल सेयर पुँजी ३२ करोड ६ लाख २८ हजार नौ सय ५७ छ। ०७९ फागुनसम्म सहकारी संस्थाको संख्या ३१ हजार तीन सय ७३ पुगेको आर्थिक सर्वेक्षणले देखाएको छ। सहकारी क्षेत्रमा चार खर्ब ७८ अर्ब तीन करोड बचत र चार खर्ब २६ अर्ब ३५ करोड कर्जा प्रवाह भएको सर्वेक्षणले देखाएको छ।

■ लाइसेन्स नलिने रियल इस्टेट एजेन्टलाई २५ लाखसम्म जरिवाना

बुधबार नै प्रतिनिधिसभाले पारित गरेको विधेयकमा मालपोत ऐन पनि संशोधन गर्दै घरजग्गा कारोबारमा सहयोग गर्ने रियल इस्टेट कारोबारी वा एजेन्टले इजाजतपत्र लिनुपर्ने व्यवस्था गरिएको छ। सरकारले तोकेको क्षेत्रमा निश्चित क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घरजग्गासम्बन्धी कारोबार गर्दा मालपोत ऐनबमोजिम इजाजतपत्र लिनुपर्ने भनिएको छ। कसैले इजाजतपत्र नलिई घरजग्गासम्बन्धी करोबार गरेमा कारोबारको बिगो खुलेकोमा बिगोबमोजिम जरिवाना लाग्ने भनिएको छ। यदि बिगो नखुलेकोमा २५ लाखसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने उल्लेख छ।

लाइसेन्स पाएका व्यक्तिले सर्तविपरीत घरजग्गासम्बन्धी करोबार गरेमा बिगो खुलेकोमा बिगोबमोजिम र बिगो नखुलेकोमा १० लाखसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ।

■ अरू व्यवस्था के-के छन् ?

बुधबार नै प्रतिनिधिसभाले पर्यटन ऐन संशोधन गर्दै अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट पाँच किलोमिटरको दूरीभित्र क्यासिनो सञ्चालन गर्न प्रस्ताव गरेमा पूर्वस्वीकृति नपाइने उल्लेख गरिएको छ।

प्रस्तावित कम्पनी वा क्यासिनोको नाम जुधेमा, तोकिएअनुसार चुक्ता पुँजी नभएमा, धार्मिक वा सांस्कृतिक दृष्टिले संवेदनशील मानिएको क्षेत्रमा क्यासिनो सञ्चालन गर्न प्रस्ताव गरेमा, कुनै कारोबारको सम्बन्धमा प्रचलित कानुनबमोजिम कालोसूचीमा परेमा पूर्वस्वीकृति नपाइने व्यवस्था गरिएको छ। चारतारे वा सोभन्दा माथिल्लोस्तरको होटेल वा रिसोर्टमा तोकिएबमोजिमको सुरक्षा मापदण्ड पूरा गरेमा पूर्वस्वीकृति दिइने उल्लेख छ।

संघ, प्रदेश वा स्थानीय तह वा अन्य कुनै निकायलाई राजस्व तिर्न बाँकी रहेको तथा अन्य गैरकानुनी क्रियाकलापमा संलग्न भएको देखिएमा पनि पूर्वस्वीकृति नपाइने विधेयकमा उल्लेख छ।

नेपाल र स्विट्जरल्यान्डबीच हवाई सम्झौता

काठमाडौं / नेपाल र स्विट्जरल्यान्डबीच सीधा हवाई सम्पर्क विस्तार गर्न द्विपक्षीय हवाई सम्झौता भएको छ। मंगलबार नेपाल र स्विट्जरल्यान्ड सरकार सम्झौतामा हस्ताक्षर भएसँगै द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशहरूको संख्या ४२ पुगेका छन्। अझै केही देशसँग द्विपक्षीय हवाई सम्झौताका लागि प्रक्रिया अगाडि बढिरहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रवक्ता हेमराज तामाङले बताए। नेपालले अमेरिका र इन्डोनेसियासँग पनि द्विपक्षीय हवाई सम्झौताका लागि प्रक्रिया अघि बढाएको छ। गत मंसिरमा रुवान्डासँग पनि द्विपक्षीय हवाई सम्झौता भइसकेको छ।

यो सम्झौतासँगै नेपाल र स्विट्जरल्यान्डबीच सीधा उडान गर्न बाटो खुला भएको छ। स्विट्जरल्यान्ड युरोपेली देश भए पनि युरोपियन युनियन (इयू)मा आबद्ध नभएकाले नेपाली वायुसेवाले पनि उडान गर्न सक्ने मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले बताए। इयूले नेपाली उड्डयन क्षेत्रलाई सुरक्षा चासोको लिस्टमा राखेर नेपालमा दर्ता भएका वायुसेवाले युरोपमा उडान गर्न नपाउने गरी १० वर्षदेखि कालोसूचीमा राखेको छ। 'सम्झौतासँगै दुवै देशका वायु सेवाले उडान गर्न पाउने भएका छन्,' उनले भने, 'झन्डै दुई वर्षदेखिको प्रयासले मूर्तता पाएको छ, बिस्तारै उडान पनि हुनेछन्।'

नेपालले ४२ देशसँग द्विक्षीय हवाई सम्झौता गरे पनि १५ देशमा मात्र उडान गर्दै आइरहेको छ। नेपाल वायुसेवा निगम (नेवानि), हिमालय एयरलाइन्स र बुद्ध एयरले मलेसिया, दोहा (कतार), दुबई, भारतको दिल्ली, मुम्बई, बंगालुरु, कोलकाता र बनारस, हङकङ, बैंकक, दमाम, जापानको नारिता, अबुधाबी, रियाद, कुवेत, बंगलादेशको ढाका, चीनका विभिन्न सहरमा उडान गर्दै आएका छन्। नेपालसँगको द्विपक्षीय हवाई सम्झौताबाट विदेशी वायुसेवा कम्पनीले भने भरपुर फाइदा उठाउँदै आइरहेको देखिन्छ। अन्तर्राष्ट्रिय उडानका लागि नेवानिसँग दुईवटा न्यारोबडी र दुईवटा वाइडबडी गरी चारवटा एयरबस छन्।

जर्मनीको बिभिएमडब्लूसँग एफएनसिसिआई र सिएनआईको समझदारी

नयाँ पत्रिका

नेपाल उद्योग परिसंघ (सिएनआई) र साना तथा मझौला जर्मन व्यावसायिक संघ (बिभिएमडब्लू)बीच द्विपक्षीय व्यावसायिक सम्बन्ध एवं सहकार्य हुने भएको छ। बिहीबार सोसम्बन्धी समझदारीपत्रमा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र बिभिएमडब्लूका नेपाल प्रतिनिधि शुभाशिष थपलियाले हस्ताक्षर गरेका छन्।

सो अवसरमा परिसंघका अध्यक्ष अग्रवालले यस सहकार्यले नेपाल र जर्मनका साना तथा मझौला उद्योगबीचको सम्बन्धलाई बलियो बनाउन सहयोग गर्ने बताए। उनले नेपाल र जर्मन एसएमइजबीचको सहकार्यले दुवै राष्ट्रको विकासमा टेवा पुयाउने र समृद्धितर्फ डोऱ्याउन सहयोग गर्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा नेपालका लागि जर्मन राजदूत डा. थोमस प्रिन्जले यस सहकार्यले व्यावसायिक तथा लगानी अवसरलाई सहजीकरण गर्न भूमिका खेल्ने बताए। उनले दुवै देशका साना तथा मझौला उद्योगबीचको सहकार्यलाई बढावा दिन र सीमापार व्यापार सहज गर्नसमेत यसले उल्लेख्य योगदान गर्ने बताए।

बिभिएमडब्लूका नेपाल प्रतिनिधि थपलियाले यस समझदारीको उद्देश्य व्यावसायिक सम्बन्ध अभिवृद्धि गर्ने, लगानी आकर्षित गर्ने र दुवै देशका लागि हित हुने संयुक्त उद्यमका अवसर खोज्ने रहेको बताए। सो अवसरमा परिसंघका उपाध्यक्ष वीरेन्द्रराज पाण्डे, नेपाल उद्योग परिसंघका महानिर्देशक दीपकराज जोशी, सिएनआई वमन लिडरसिप फोरम सदस्य रीता भण्डारीलगायत सहभागी थिए।



■ महासंघको पनि समझदारी

यस्तै, नेपाल उद्योग वाणिज्य महासंघले जर्मन कम्पनीहरूले नेपालमा लगानी गर्ने वा नेपाली व्यवसायसँग सहकार्य गर्ने सम्भावना खोज्न बिभिएमडब्लूसँग समझदारी गरेको छ।

बुधबार फएनसिसिआईका अध्यक्ष चन्द्रप्रसाद ढकाल र बिभिएमडब्लूका कार्यकारी अध्यक्ष क्रिस्टोफ अहलहसले हस्ताक्षर गरेका छन्। एमओयू हस्ताक्षर समारोहमा नेपालका लागि जर्मन राजदूत डा. थोमस प्रिन्जको उपस्थितिमा काठमाडौंस्थित जर्मनी राजदूतावासमा भएको थियो।

अध्यक्ष ढकालले नेपालले युरोपमा निर्यातमा भन्सारमुक्त पहुँच गुमाउने भएकाले नेपाल विकासोन्मुख मुलुकमा परिणत भएपछि सबैभन्दा बढी असर साना तथा मझौला उद्योगमा पर्ने बताए। उनले विशेष गरी महिलाद्वारा सञ्चालित साना तथा मझौला उद्योगहरूलाई सहयोग गर्नुपर्नेमा जोड दिए। उनले साना तथा मझौला उद्योगको प्रवर्द्धन र विकासका लागि यो सहकार्य गर्नुपर्ने उनले बताए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैयाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१०/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय कलैयाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन ०३ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कलैयामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७१/०५/२४ मा प्रा.फ.र.न. ४८५२/४१/२०७१/७२ कायम भई दर्ता रहेको बारा जिल्ला, बेनौली गा.वि.स वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **शैलेन्द्र मत्स्य केन्द्र ।** प्रोप्राईटर- **हरिनन्दन यादव**	१. **हरिनन्दन यादव**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बेनौली गा.वि.स/न.पा वडा नं. ३ स्थित कित्ता नं. ५३, ४५ र ८९० को क्षेत्रफल क्रमश ०-१२-२, १-११-० र ०-४-१५ (वि.क.धु) को जग्गा र ऐ.ऐ. वडा नं. ४ स्थित कित्ता नं. १११, ५ र ८० को क्षेत्रफल क्रमश १-१२-३, १-१८-० र ०-१९-० (वि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

धनि कुमारी बैंक लि. (साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **शैलेन्द्र मत्स्य केन्द्र** कायम भएको तपसिलको सवारी साधन:

सवारी नं.	चे.नं.	ई.नं.	मोडल	यातायात कार्यालय
बा.प्र. ०१ ०२५ च ०१६२	MALAF51CLMM141992*B	G4HGMM086815	Santro Magna	यातायात व्यवस्था कार्यालय, ललितपुर

व्यक्तिगत जमानीकर्ताको विवरण	
१. **हरिनन्दन यादव** ना.प्र.नं.- १२९८/०९७६ जारी मिति - २०४५/०२/१७, जि.प्र.का. बारा बाबु - शंकर प्रसाद यादव बाजे - तुलसी प्रसाद यादव स्थायी ठेगाना- बारा जिल्ला, बेनौली गा.वि.स. वडा नं.०२	२. **राज कुमारी यादव** ना.प्र.नं.- ३३१०४८/२९८२९ जारी मिति - २०६९/०७/०२, जि.प्र.का. बारा बाबु - पारस प्रसाद यादव बाजे - शंकर प्रसाद यादव स्थायी ठेगाना- बारा जिल्ला, बेनौली गा.वि.स. वडा नं. २

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० फागुन ०२ गते** भित्र बैंकको शाखा कार्यालय कलैयामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैयाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० फागुन ०३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय कलैयामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कलैयामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० फागुन ०३ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय कलैया फोन नं. ०५३-५५१९९५

भुक्तानीमा ढिलाइ भएपछि ब्रोकरविरुद्ध उजुरीको चाङ

भोजराज भण्डारी / नयाँ पत्रिका

सेयर बिक्री गरेको रकम दुई हप्तासम्म पनि खातामा जम्मा नभएपछि ब्रोकरविरुद्ध नियामक निकाय नेपाल धितोपत्र बोर्डमा लगानीकर्ताले गरेको उजुरीको चाङ लागेको छ। कारोबार भएको दुई दिनभित्र बिक्रीकर्ताको खातामा रकम जम्मा गर्नुपर्ने व्यवस्था भए पनि दुई हप्तासम्म पनि भुक्तानी नपाएको भन्दै लगानीकर्ताले बोर्डमा उजुरी गरेका हुन्।

एक सातामा बोर्डमा लगानीकर्ताबाट आउने उजुरी उच्चदरमा बढेको बोर्डको उजुरी शाखामा आएको निमित्त कार्यकारी निर्देशक नवराज अधिकारीले बताए। उनले भने, 'पछिल्लो एक सातादेखि उजुरी धेरै आएका छन्, कतिको संख्याको आएको भन्ने ठ्याक्कै थाहा भएन। तर, धेरै गुनासो आएको पाएको छु।' उजुरीको संख्या बढेपछि ब्रोकरका प्रतिनिधिहरूलाई फोन गरेर भुक्तानीको समस्याबारेमा जानकारी लिएको उनको भनाइ छ।

उनले भने, 'समस्या समाधान तुरुन्त नभए म कारबाहीको प्रक्रिया अघि बढाउँछु भनेको छु।' भुक्तानी समस्याको विषयमा तत्काल अनुसन्धान अघि बढाउने पनि उनले बताए। 'अहिले धितोपत्र बोर्ड अध्यक्षविहीन छ। केही ब्रोकरले यसको फाइदा उठाउन लगानीकर्ताको पैसा भुक्तानीमा ढिलाइ गरेको हुन पनि सक्छ,' उनले भने, 'तर, हामी त्यस्तो हुन दिदैनौं। तत्काल यसबारे आवश्यक अनुसन्धान अघि बढाउँछौं।'

बोर्ड अध्यक्षविहीन भएको अवसर पारेर केही ब्रोकरले फाइदा लिन खाजेको लगानीकर्ता संघका एक सदस्यले बताए। उनले भने, 'अहिले बोर्डमा अध्यक्ष पनि नहुनु र एकाएक ब्रोकरको भुक्तानीमा समस्या आउनु संयोग त पक्कै नहोला, नभए पुसमा पनि भुक्तानीको समस्या आउथ्यो होला।' अहिले धितोपत्र बोर्ड अध्यक्षविहीन रहेको छ। अन्य पदाधिकारीसँग ब्रोकरले लगानीकर्ताहरूलाई भुक्तानी नै नगरे पनि कारबाही गर्ने अधिकार नभएको उनको भनाइ छ। तर, पछिल्लो समय हिमालयन रिन्स्योरेन्सको सेयर ठूलो परिणामा खरिद बिक्री हुँदा सिस्टमा आएको समस्याले केही ढिलाइ भएको न्यु स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले बताए। उनले भने, 'धेरै लगानीकर्ताको सेयर भएको हुँदा अधिकांशले सेयर बिक्री गरे। त्यस कारणले पनि ब्रोकरलाई भुक्तानीमा ढिलाइ भएको हो, तर अहिले समस्या समाधान भइसक्यो।'

पछिल्लो समय बजारमा औसत तीन अर्बको मात्र कारोबार हुँदै आएको छ। पुस मसान्तसम्म औसत एक अर्ब कारोबार हुँदै आएको थियो। सेयर बजार करिब २२ सयको विन्दुसम्म पुगेर फर्किंदा नौ अर्बसम्मको कारोबार भएको थियो। एक ब्रोकरले भने, 'थोरै कारोबार हुँदा समस्या थिएन बजार पनि बढ्यो कारोबार पनि बढ्दा एकैपटक सेटल गर्दा सुरुमा समस्या भएको हो। तर,अहिले छैन।'

अनलाइन प्रणालीबाट सेयर बिक्री गरेको रकम भुक्तानी नभएको कारणले समयमै रकम जम्मा हुन नसकेको एक ब्रोकरले बताए। तर, अहिले यस्तो समस्या नभएको स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष धर्मराज सापकोटाले बताए। उनले भने, 'अहिले केही समस्या भएको छैन, त्यसकै केही व्यक्तिले सामाजिक सञ्जालमा अहवाफ फैलाइएको छ,' उनले भने, 'माघको पहिलो हप्ता टिएमएस मर्मत-सम्भार र अनलाइन भुक्तानी नहुँदा केही दिन समस्या भएको हो, त्यो समाधान भइसक्यो, तर अहिले कतै समस्या नै छैन।'

उनका अनुसार लामो समयसम्म खाता अपडेट नभएको अवस्थामा रकम रोक्का हुने र जानकारी गराएपछि समाधान हुने गरेको छ।



तत्काल अनुसन्धान अगाडि बढाउँछौं

● **नवराज अधिकारी**, कार्यकारी निर्देशक, धितोपत्र बोर्ड

पछिल्लो एक सातादेखि उजुरी धेरै आएका छन्, कतिको संख्याको आएको भन्ने ठ्याक्कै थाहा भएन। तर, धेरै गुनासो आएको पाएको छु। अहिले धितोपत्र बोर्ड अध्यक्षविहीन छ। केही ब्रोकरले यसको फाइदा उठाउन लगानीकर्ताको पैसा भुक्तानीमा ढिलाइ गरेको हुन पनि सक्छ। तर, हामी त्यस्तो हुन दिँदैनौं। तत्काल यसबारे आवश्यक अनुसन्धान अघि बढाउँछौं।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, बारामा मिति २०७३/०६/११ प्रा.फ.र.नं. ४७०१/०७३/७४ कायम भई दर्ता रहेको बारा जिल्ला, कलैया ना.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहेको **आशिष सप्लायर्स ।** प्रोप्राईटर - **आशिष कुमार दास**	१. **राज बहादुर कायस्थ बनिया**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बारा जिल्ला भवानीपुर गा.वि.स./न.पा वडा नं. ६ स्थित कित्ता नं.४७३ को क्षे.फ. कमश ०-०-१० (वि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । २. ऋणी **आशिष सप्लायर्स**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **आशिष कुमार दास**
ना.प्र.नं.- ३३१०५५/२१८४१
जारी मिति - २०६८/०८/१५, जि.प्र.का. बारा
बाबु - राज बहादुर कायस्थ बनिया
बाजे - रामजी प्रसाद कायस्थ बनिया
स्थायी ठेगाना- भवानीपुर गा.वि.स. वडा नं. ६
हालको ठेगाना- कलैया उप.म.न.पा. वडा नं. १

२. **अमित कुमार दास**
ना.प्र.नं.- ३३१०५५/२१८४२
जारी मिति - २०६८/०८/१५, जि.प्र.का. बारा
बाबु - राज बहादुर कायस्थ बनिया
बाजे - रामजी प्रसाद कायस्थ बनिया
स्थायी ठेगाना- भवानीपुर गा.वि.स. वडा नं. ६
हालको ठेगाना- कलैया उप.म.न.पा. वडा नं. १

३. **राज बहादुर कायस्थ बनिया**
ना.प्र.नं.- ९३९/१६०७,
जारी मिति - २०४४/०५/१०, जि.प्र.का. बारा
बाबु - रामजी प्रसाद कायस्थ बनिया
बाजे - बिन्देश्वरी प्रसाद कायस्थ बनिया
स्थायी ठेगाना- भवानीपुर गा.वि.स. वडा नं. ६
हालको ठेगाना- कलैया उप.म.न.पा. वडा नं. १

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कलैया, बारा फोन नं. ०५३-५५११९५

सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/११/१६ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय लम्की, कैलालीबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्ते कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम : स्नेहा जनरल स्टोर दर्ता गर्ने कार्यालयः वाणिज्य कार्यालय, धनगढी कैलाली प्रा.फ.र.नं. : २५३३०/०७४/७५ दर्ता मिति : २०७४/१२/१६ पान नं. : ६०७६८२८५६ ठेगाना : जोशीपुर गा.पा. वडा नं. ०४, कैलाली **प्रोप्राइटर/जमानीकर्ताको नामः सुरज चौधरी** बाबुको नाम : मनि राम डगौरा बाजेको नाम : मोती लाल डगौरा ठेगाना : जोशीपुर-४, कैलाली ना.प्र.नं.: १११३६, जारी मिति : २०५४/१०/२७ जारी गर्ने कार्यालय : जि.प्र.का. कैलाली **कर्जा शिर्षक :. एस.एम.ई. अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : लम्की, कैलाली**	१) **नाम : संगिता देवी चौधरी** पतिको नाम : सुरज चौधरी ससुराको नाम : मनिराम डगौरा ठेगाना : जोशीपुर-४, कैलाली ना.प्र.नं.: ६७२०३९/४३५२१, जारी मिति : २०७१/०३/३० जारी गर्ने कार्यालय : जि.प्र.का. कैलाली २) **नाम : दिपेन्द्र चौधरी** बाबुको नाम : सुरज चौधरी बाजेको नाम : मनिराम डगौरा ठेगाना : जोशीपुर-४, कैलाली ना.प्र.नं.:६७-०२-७५-०२७२७, जारी मितिः२०७५/०३/१७ जारी गर्ने कार्यालय : जि.प्र.का. कैलाली

सुरक्षण धितोको विवरणः

१) श्री मालपोत कार्यालय टीकापुर कैलालीमा श्री सुरज चौधरीको नाममा दर्ता कायम रहेको जिल्ला कैलाली नवलपुर-७ स्थित कि.न.५६६ को क्षेत्रफल ६७७.२८ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

२) श्री मालपोत कार्यालय टीकापुर कैलालीमा श्री मनिराम डगौराको नाममा दर्ता कायम रहेको जिल्ला कैलाली नवलपुर-७ स्थित कि.न.२८८ को क्षेत्रफल ११००.५८ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेता ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०७२-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०७२-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय लम्की, कैलालीमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

क्लोजअपको 'नजिक आऊ' डिजिटल अभियानलाई निरन्तरता

काठमाडौं/ क्लोजअप नेपालले यस वर्षको प्रणय दिवसको अवसरमा आफ्नो 'नजिक आऊ' डिजिटल अभियानलाई निरन्तरता दिने भएको छ । यस अभियानको लक्ष्य आपसी आकर्षणलाई सामीप्यतामा बदल्न प्रोत्साहन गर्नु रहेको कम्पनीको भनाइ छ । ओरल केयर ब्रान्ड क्लोजअपले हर व्यक्तिलाई आत्मविश्वासका साथ फर्स्ट मुभ चाली आफ्नो प्रियजनसँग नजिक हुन प्रेरित गर्दै आएको कम्पनीको दाबी छ ।

इष्टर्न हाइड्रोपावर लिमिटेड

EASTERN HYDROPOWER LTD.

Pikhuwa Khola Small Hydro Power Project 5MW, Bhojpur

Jwagal-10, Lalitpur, Nepal

UNAUDITED FINANCIAL REPORT (QUARTERLY)

2nd Quarter as on 29th Paush, 2080, F/Y 2080/81

Figure in NPR

Particulars	This Quarter Ending Paush 2080	Previous Quarter Ending Ashoj 2080	Corresponding perviuous year Quarter ending Paush 2079
Assets			
Non current Assets			
Property Plant and Equipment	1,295,191	1,545,772	2,027,859
Intangible Assets	1,087,217,608	1,099,270,020	1,136,122,015
Other Non Current Assets			-
Total Non Current Assets	**1,088,512,798**	**1,100,815,792**	**1,138,149,873**
Current Assets			
Financial Assets			
Trade & Other Receivables	53,741,180	69,405,286	74,290,559
Short Term Loans & Advances	-	911,295	-
Cash and Cash Equivalent	33,129,912	14,895,363	57,099,526
Other Current Assets	1,085,012	-	643,394
Total Current Assets	**87,956,104**	**85,211,943**	**132,033,479**
Total Assets	**1,176,468,903**	**1,186,027,735**	**1,270,183,353**
Equity and Liability			
Equity			
Share Capital	620,000,000	620,000,000	620,000,000
Reserve and Surplus	(149,074,888)	(147,289,157)	(140,091,831)
Total Equity	**470,925,112**	**472,710,843**	**479,908,169**
Liability			
Non Current Liabilities			
Financial Liabilities			
Loans and Borrowings (Long Terms)	649,132,155	656,414,732	697,166,810
Lease Liabilities	221,105	221,105	319,118
Total Non Current Liabilities	**649,353,260**	**656,635,838**	**697,485,928**
Financial Liabilities			
Loans and Borrowings (Short Term)	26,121,261	24,580,718	21,612,908
Trade and other Payables	3,195,834	3,093,479	4,983,916
Retention Liabilities	1,307,204	3,420,492	3,420,492
Other Current Liabilities	25,566,231	25,586,365	62,771,940
Total Current Liabilities	**56,190,530**	**56,681,055**	**92,789,256**
Total Liability	**705,543,790**	**713,316,893**	**790,275,184**
Total Equity and Liability	**1,176,468,903**	**1,186,027,735**	**1,270,183,353**

UNAUDITED INCOME STATEMENT

For the period 1st Shrwan 2080 to 29th Paush 2080

Particulars	This Quarter Ending Paush 2080	Previous Quarter Ending Ashoj 2080	Corresponding perviuous year Quarter ending Paush 2079
Revenue from operation	75,948,359	46,622,488	79,456,493
Cost of Sales	8,193,724	3,696,612	8,019,202
Gross Profit	67,754,635	42,925,876	71,437,290
Other Income	-	-	-
Expenses			
Employee Benefits	194,100	97,050	226,450
Administrative Expenses	1,711,138	752,369	8,031,112
Depreciation and Amortization Expenses	24,807,250	12,504,257	25,008,514
Total Expenses	26,712,488	13,353,676	33,266,075
Profit Before Financial Cost, Bonus & Tax	41,042,147	29,572,200	38,171,215
Finance Cost	27,271,278	14,012,031	30,190,028
Profit Before Bonus & Tax	13,770,868	15,560,169	7,981,187
Staff Bonus	-	-	-
Profit Before Tax (PBT)	13,770,868	15,560,169	7,981,187
Income Tax Expenses	-	-	-
Profit for the Period	13,770,868	15,560,169	7,981,187

Notes: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली

२०७३ को अनुसूची-१४, नियम २६ को उपनियम (१) संग सम्बन्धित

आ. व. २०८०/०८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**

क. आ.व. २०८०/८१ को दोश्रो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाब किताब मिती २०८०/१०/२५ गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

प्रति शेयर आम्दानी	२.२२	प्रति शेयर कुल सम्पत्तिको मूल्य	१८९.७५
प्रति शेयर नेटवर्थ	७५.९६	मूल्य आम्दानी अनुपात	२०८.४५
तरलता अनुपात	१.५७		

२) **व्यवस्थापकिय विश्लेषणः**
यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरुप नै कार्यहरु हुदैछन् । यस त्रैमासिक अवधिमा विद्युत बिक्रिबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण :**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र सञ्चालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषणः**
धितोपत्र बजारमा संस्थाको शेयर कारोबार निम्नानुसार सामान्य प्रकृति बाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको अधिकतम, न्युनतम, अन्तिम मुल्य कारोवार भएको कुल दिन तथा कारोबार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट अनुसार:

अधिकतम मूल्य रु.	४८८.५०	अन्तिम मूल्य रु.	४६३.००
न्युनतम मूल्य रु.	२७९.६०	कारोवार दिन	४९
कारोवार संख्या	४,८७९		

५. **समस्या तथा चुनौती :**
सस्थाले वहन गर्नु परेको समस्यामा विद्युत बिक्री मूल्य समायोजना हुन नसक्नु हो । विद्युत बिक्री मूल्य समय समयमा वृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

६. **संस्थागत सुशासन :**
संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवस्यक कार्यकक्ष र सामाग्रिहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्न गरेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**
आजका मिती सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

कोकाकोला नेपालले मनायो ५०औं वार्षिकोत्सव



काठमाडौं/ कोकाकोलाले नेपालमा सञ्चालन भएको ५०औं वर्ष मनाएको छ । कम्पनीले नयाँ योजना सार्वजनिक तथा संस्थागत सामाजिक उत्तरदायित्वमा गरेका कामको स्मरण गर्दै वार्षिकोत्सव मनाएको हो ।

वार्षिकोत्सव मनाउन आयोजित कार्यक्रममा बोटलर्स नेपाल लिमिटेडका अध्यक्ष एनएन सिंहले कोकाकोलाको उद्देश्य सबै नेपालीलाई ताजापन महसुस गराउने र समाजमा सकारात्मक प्रभाव पार्ने रहेको बताए । वार्षिकोत्सवको अवसरमा कम्पनीले 'कोकाकोला फिफ्टी इयर्स क्विज टाइम' नामक डिजिटल क्विज प्रतियोगिता पनि सञ्चालन गर्ने उनले जानकारी दिए । यसमा ग्राहकले विभिन्न प्रश्नको जवाफ दिएर लक्की ड्रमार्फत आकर्षक उपहार जित्ने मौका पाउने जनाइएको छ ।

कोकाकोला नेपाल र भुटानकी हेड चन्द्रिका कालियाले कोकाकोला कम्पनी नेपालको हितप्रति प्रतिबद्ध रहेको भन्दै कम्पनीमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जोडिएका कर्मचारी एवं समुदायको जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धतालाई जारी राख्ने बताइन् । कम्पनीले नेपालको सामाजिक तथा आर्थिक वृद्धिमा समेत सकारात्मक प्रभाव पारेको उनको दाबी थियो । ०७२ साल को भूकम्पको समयमा 'फेरि उठ्नेछ नेपाल' तथा कोभिड- १९ महामारीबीच 'स्टप द स्प्रेड'जस्ता प्रभावकारी एवं सफल अभियान सञ्चालन गरेको उनले स्मरण गरिन् ।

कोकाकोला बेभरेजेज नेपाल लिमिटेडका म्यानेजिङ डाइरेक्टर दीपकनाथ सेन्थिलले नेपालमा पेय पदार्थ मात्र बिक्री नगरेर रोजगारी सिर्जना गर्दै समुदाय एवं राष्ट्रकै बृहत् आर्थिक सेवाप्रति प्रतिबद्ध रहेको बताए । महिलालाई उद्यमशीलतासम्बन्धी शिक्षा र तालिम दिने 'सक्षम' कार्यक्रममार्फत कोकाकोलाले नेपाली समुदायसँगको संलग्नतालाई थप विस्तार गरेको उनको भनाइ थियो । कोकाकोला र एटेलियर प्लेटफर्म प्रालिको सहकार्यमा सक्षमले पछिल्लो दुई वर्षमा नेपालभर दुई हजारभन्दा बढी महिलालाई सशक्तीकरण गरिसकेको कम्पनीको भनाइ छ । साथै, ग्लोकल प्रालिसँगको साझेदारीमा 'युथ डाइलग' कार्यक्रमअन्तर्गत नेपालभरका थ्रुप्रै कलेज र विश्वविद्यालयसँग युवाको समग्र विकास तथा सशक्तीकरणमा पहल गरेको जनाइएको छ । साथै, जाजरकोटमा हालै गएको भूकम्पबाट प्रभावित समुदायलाई पनि कोकाकोला फाउन्डेसनले सहयोग गरेको जनाएको छ ।

नेपाली हिमशृंखलाको सरसफाइ एवं संरक्षणका लागि तीन वर्षदेखि कोकाकोला फाउन्डेसनले नेपाली सेनाद्वारा सुरु गरिएको माउन्टेन क्लिन-अप क्याम्पेनमा सक्रिय रूपमा सहयोग गर्दै आइरहेको जनाएको छ ।

महालक्ष्मी बैंकको सिइओमा लम्साल



काठमाडौं/ महालक्ष्मी विकास बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा दिपेश लम्साल नियुक्त भएका छन् । बैंक सञ्चालक समितिले लम्साललाई २४ माघदेखि नै लागू हुने गरी चार वर्षका लागि प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेको हो ।

लम्सालले यसअघि दुईपटक कायममुकायम प्रमुख कार्यकारी अधिकृतको रूपमा नेतृत्व गरिसकेको बैंकले जनाएको छ । बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत लम्साल पछिल्लो समय तत्कालीन प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाको राजीनामापछि माघ १ देखि कायममुकायम प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारीमा थिए । यसअघि ०७७ सालमा पनि लम्सालले कायममुकायम प्रमुख कार्यकारी अधिकृतको रूपमा बैंकको नेतृत्व गरेको जनाइएको छ ।

१५ वर्षदेखि उक्त बैंकमा कार्यरत लम्सालसँग बैंकिङ क्षेत्रको २८ वर्ष लामो अनुभव रहेको जनाइएको छ । यसबीचमा उनले विभिन्न वाणिज्य र विकास बैंकको उच्च व्यवस्थापन तहमा रहेर काम गरेको बैंकले जनाएको छ ।

अजाया र युएईको अल अली ग्रुपबीच साझेदारी

काठमाडौं/ हिराको अन्तर्राष्ट्रिय ब्रान्ड अजाया, नेपाल र दुबईको अल अली ग्रुपले व्यावसायिक साझेदारी सुरु गरेका छन् । अजाया ब्रान्डलाई विश्वबजारमा लैजाने र नेपालमा पर्यटन व्यवसायमा साझेदारी गर्ने उद्देश्यले यी दुई व्यापारिक समूहले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

अल अली ग्रुपका कार्यकारी अध्यक्ष याकुब अल अली र अजाया नेपालका राकेशकुमार अडुकियाले समझदारीपत्रमा हस्ताक्षर गरेको जनाइएको छ । यो समझदारीले विज्ञता र लगानीलाई एकैठाउँमा ल्याएकाले अजायाले छोटो समयमै विश्वबजारमा पहिचान बनाउने अपेक्षा गरिएको छ । त्यस्तै, चर्चित पर्यटन गन्तव्य दुबईको अनुभवी एवं प्रतिष्ठित कम्पनीलाई नेपालको पर्यटन क्षेत्रमा लगानी गर्न यो समझदारीले प्रोत्साहित गर्ने उल्लेख छ ।

समझदारीपछि अजायाका राकेशकुमार अडुकियाले अजाया हिरामा हासिल गरेको विशेषज्ञताका आधारमा अघि बढाइएको ब्रान्ड रहेको बताए । उनले भने, 'यसलाई नेपालमा मात्रै नभएर विश्वबजारमै स्थापित गर्ने लक्ष्य छ । अल अली ग्रुपसँगको साझेदारीले लगानी र विशेषज्ञतालाई एकैठाउँमा ल्याउने काम गरेकाले यो नेपाली ब्रान्ड छोटो समयमै विश्वबजारमा स्थापित हुने अपेक्षा गरेका छौं ।'

ठूलो सम्भावना रहेको नेपालको पर्यटन क्षेत्रमा विदेशी लगानी भित्र्याउन पनि यो समझदारीले सहयोग गर्ने उनको भनाइ थियो । निकट भविष्यमै अल अली ग्रुप र अजायाको संयुक्त लगानीका उद्योगमार्फत पर्यटन क्षेत्रमा प्रवेश गर्ने उनले बताए ।

अल अली ग्रुपका कार्यकारी अध्यक्ष याकुब अल अलीले नेपालको पर्यटन क्षेत्रमा लगानी गर्ने आफ्नो समूहको चाहनालाई मूर्त रूप दिन यो समझदारी कोसेढुंगा साबित हुने बताए ।

National Cooperative Development Board

Pulchok, Lalitpur

Invitation for Bids

Date of publication: 2080/10/25

1. National Cooperative Development Board invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of boundary wall with chain link fencing at National Cooperative Land under National Competitive Bidding procedures.
2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp to obtain further information and inspect the Bidding Documents and download the bidding documents for e-submission.
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Sanima Bank
   Name of Office: National Cooperative Development Board
   Office Account no.: 038010010000579
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

S. N.	Invitation for Bids No:	Description of Work	Estimated Amount (Nrs.) (Inclusive VAT)	Cost Bid Document (Nrs.)	Bid Validity Period	Bid Security Amount (Nrs.)	Bid Security Validity Period	Last Date of Bid Submission	Date of Bid Opening
1.	NCB/Works/ 01/2080-81	Construction of Boundary Wall with Chain Link Fencing in Land of National Cooperative Development Board at Bharatpur-2, Chitwan.	23,78,178.00	3000.00	90 days	53,000.00	120 days	2080/11/27 12:00 PM	2080/11/27 14:00 PM

गिरीबन्धु टी...

पृष्ठ १ बाट क्रमशः

इजलासले जारी गरेको संक्षिप्त आदेशमा भनिएको छ, 'नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७८/१/१३ को प्रत्यर्थी गिरीबन्धु टी इस्टेट प्रालिलाई ३४३-१९-१२ बिघा जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने विवादित निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२(ग) लगायतका कानुनी प्रावधानअनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले उक्त निर्णय र सोबमोजिम भए-गरिएका कामकारबाहीसमेत बदर हुने ठहर्छ।'

आदेशमा भनिएको मन्त्रिपरिषद्को निर्णयको दसौँ बुँदामा गिरीबन्धुको विषय उल्लेख छ। भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयको सम्बन्धमा भएको निर्णयमा छ, 'गिरीबन्धु टी इस्टेट प्रा.लि. झापाको स्वामित्वमा रहेको जग्गा सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति दिने।' यही निर्णयलाई संवैधानिक इजलासले उल्ट्याएको हो।

भूमिसम्बन्धी ऐनमा केही अपवादबाहेक जग्गामा हदबन्दीको व्यवस्था गरिएको छ। यसैमध्ये एक हो कृषि उद्योगसँग सम्बन्धित जग्गा। कृषि उद्योगसँग जोडिएको जग्गामा हदबन्दी नलाग्ने भएकाले नै गिरीबन्धुले तीन सय ४३ बिघा जग्गा उपभोग गर्दै आएको थियो। ऐनअनुसार उक्त जग्गा अन्य प्रयोजनमा प्रयोग गर्न, खरिद-बिक्री र सट्टापट्टा गर्न पाइँदैनथ्यो। अर्थात् चिया उद्योग रहेसम्म मात्र उक्त जग्गामा हदबन्दी छुट कायम रहन्थ्यो। जसअनुसार चियाबगान बन्द भएकोमा सो जग्गा सरकारले जफत गर्नुपर्ने फैसलाको आसय रहेको कानुन व्यवसायीले बताए। यसमाथि ४ चैत ०७८ मा संवैधानिक इजलासले सट्टापट्टा रोक्न अन्तरिम आदेश जारी गरेकोमा दुई वर्षपछि रिट जारी हुने फैसला भएको हो।

यद्यपि, सर्वोच्चले संशोधनलाई भने बदर गरेको छैन। हदबन्दीभन्दा बढी जग्गा जफत नै गर्नुपर्ने मान्यतामा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्न सरकारी निकायका नाममा परमादेश जारी भएको छ। 'सामान्यतया हदबन्दीभन्दा बढी जग्गा जफत नै गर्नुपर्ने हुन्छ। यस मान्यतामा प्रतिकूल असर नपर्ने गरी जग्गाको क्षेत्रफल, चिया उत्पादन हुने क्षमता, सम्भाव्यता, सट्टापट्टा हुने जग्गाको समानुपातिक सुनिश्चितता, सट्टापट्टा गरिने जग्गाको मूल्यसमेतका समग्र प्राविधिक तथा व्यवस्थापकीय विषय यकिन भएपछि भूमिसम्बन्धी ऐनलगायत सोसम्बन्धी अवधारणा अनुकूल हुने गरी मात्र हदबन्दीभन्दा बढी भएको जग्गाको व्यवस्थापन गर्नू-गराउनू भनी प्रत्यर्थी नेपाल सरकारका निकायहरूका नाममा परमादेश जारी हुने ठहर्छ,' आदेशको चौथो बुँदामा छ।

निवेदकमध्येका एक अधिवक्ता अर्याल संक्षिप्त आदेशको चौथो बुँदा दुईधारे रहेको टिप्पणी गर्छन्। कृषि प्रयोजनका लागि हदबन्दी छुट पाएको जग्गालाई नै मुनाफाको विषय बनाउन नहुने आफूहरूको माग रहेकोमा त्यो पूरा भए पनि परमादेशले झस्काएको उनको भनाइ छ। उत्पादकत्व बढाउने भएमा सट्टापट्टा उपयुक्त भए पनि प्लटिङ र जग्गाको व्यापार गर्न नहुने निवेदकको माग रहेको उनले बताए।

'चौथो बुँदाले केही झस्काएको छ। हुन त विस्तृत व्याख्या पूर्णपाठमा आउला नै। तर, गिरीबन्धुले सबै सर्त पूरा गरेर फेरि मन्त्रिपरिषद्मा लग भनेकोजस्तो भयो,' अधिवक्ता अर्यालले भने, 'रिटको हाम्रो माग केही त पूरा भयो। तर, कतै न कतै परिपक्व बनाएर फेरि सट्टापट्टाको निर्णय गराउन सक्छौं भन्नेजस्तो आसय देखिन्छ।'

सर्वोच्चले रोकेपछि...

पृष्ठ १ बाट क्रमशः

गरेका थिए। तत्कालीन भूमिसुधारमन्त्री रामकुमार सुब्बाले गिरीबन्धु टी इस्टेटलाई कम्पनी स्थानान्तरण गर्न दिने प्रस्ताव मन्त्रिपरिषद्मा लगेका थिए। तत्कालीन मुख्यसचिव लोकदर्शन रेग्मीले त्यसलाई रोकेका थिए।

ओली दोस्रोपटक प्रधानमन्त्री भएलगत्तै ऐन नै संशोधन गराई त्यसरी जग्गा बिक्री गर्ने बाटो खोलेको हो। ऐन संशोधनको क्रममा प्रतिनिधिसभा र राष्ट्रिय सभामा केही सांसदको चर्को विरोधका बाबजुद पारित भएको थियो। ऐन बनाउन नै नीतिगत भ्रष्टाचार भएको भन्दै केही सांसदले यसको विरोध गरेका थिए। पछि ठूला पार्टीका प्रमुख नेताको दबाबमा दुवै सभाबाट विधेयक पारित भएको थियो।

ऐनको दफा १२ (ग)मा संशोधन गरी हदबन्दीभन्दा धेरै जग्गा बिक्री-वितरण तथा सट्टापट्टा गर्न नपाइने उल्लेख छ। त्यस्ता उद्योग, प्रतिष्ठान, कम्पनी र संस्था लिक्विडेसनमा जाने अवस्थामा भने नेपाल सरकारको स्वीकृतिमा बिक्री गर्न पाइने व्यवस्था उपदफा (१) मा उल्लेख थियो।

संशोधन गर्दा उपदफा (२) थपेर त्यसबाहेकको हकमा समेत सट्टापट्टा तथा स्थानान्तरण गर्न दिने प्रावधान घुसाइयो। जसमा भनिएको छ, 'नेपाल सरकारको सूचित आदेशद्वारा तोकिएको हदबन्दीभित्रको जग्गामा स्थापित कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था अन्यत्र स्थानान्तरण गर्नुपर्ने वा सट्टापट्टा गर्नुपर्ने उचित र पर्याप्त कारण देखाइदिएको निवेदन मनासिब देखिएमा त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले भोगचलन गरिरहेको जग्गा यस ऐनको अधीनमा रही नेपाल सरकारले तोकेको सर्तबमोजिम अर्को ठाउँमा सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति दिन सक्नेछ।' ऐनको यही प्रावधानका आधारमा हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्ने चलखेल अघि बढेको थियो। यसमा केही ठूला व्यापारी र बिचौलियाले नेता तथा कर्मचारीलाई प्रभावमा पारेर आफूअनुकूल निर्णय गराएका थिए। जुन प्रक्रियामा बिचौलियाले करोडौँ खर्च गरिसकेको स्रोत बताउँछ। सो जग्गाको अहिलेको मूल्य झन्डै ५० अर्ब रहेको स्थानीय बताउँछन्। जहाँ कट्ठाकै औसतमा एक करोड रुपैयाँका दरले किनबेच हुने गरेको छ। जसअनुसार तीन सय ४४ बिघाको मूल्य ६८ अर्ब रुपैयाँ हुन्छ। प्रक्रिया पूरा भएलगत्तै कम्पनीका सञ्चालकले प्लटिङ सुरु गरिसकेका थिए। यस विषयमा छानविन गरी १ भदौ ०७८ मा संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले सट्टापट्टाको निर्णय कार्यान्वयन नगर्न सरकारलाई निर्देशन दिएको थियो। झापा अर्जुनधारा- ११ र बिर्तामोड- ६ मा पर्ने सो जग्गा पूर्व-पश्चिम राजमार्गसँग जोडिएकाले चिया बगान मासेर प्लटिङ गरी बेचेर अर्बौं कमाउने योजना बनेपछि स्थानीयले समेत विरोध गर्दै आएका छन्।

विभागका एक अधिकारीका अनुसार गिरीबन्धुको सट्टापट्टा सफल भएको अवस्थामा अरू धेरै उद्योगको हदबन्दीभन्दा धेरै जग्गा बिक्री हुने अवस्था थियो। 'त्यतिबेला धेरै कम्पनीले चासो राखेका थिए,' एक कर्मचारी भन्छन्, 'राजा महेन्द्रले ०२१ मा भूमिसम्बन्धी ऐन लागू गर्दा जग्गाको हदबन्दी तोकिएको थियो। जसअनुसार तराईमा २५ बिघासम्म मात्र जग्गा राख्न पाइन्थ्यो। त्यतिबेला उद्योग तथा कम्पनीको नाममा भने अनुमति लिएर हदबन्दीभन्दा धेरै जग्गा राख्न दिने प्रावधान राखियो। टाठाबाठाले कम्पनी खडा गरेर हदबन्दीभन्दा धेरै जग्गा लुकाएका थिए। त्यसरी जग्गा लुकाउनेमध्ये एक गिरीबन्धु टी इस्टेट थियो यसले त्यही जग्गा बेच्न पछि ऐन नै संशोधनसम्मको चलखेल गरेको हो। जसलाई सर्वोच्च अदालतले रोकिदिएको छ।

ऐनअनुसार भूमिसम्बन्धी नियमहरू (अठारौँ संशोधन) ६ पुस ०७८ मा संशोधन गरिएको थियो। जग्गासम्बन्धी नियमको दफा १६ मा यससम्बन्धी व्यवस्था छ। जसमा संस्थाको उद्देश्यविपरीत नहुने गरी सट्टापट्टा तथा स्थानान्तरण हुने प्रतिबद्धता, साबिकको उत्पादन नघट्ने गरी प्रस्तावित जग्गा खरिद गर्ने योजना र कबुलियतनामा, उपभोग गरेभन्दा कम जग्गा खरिद नगरिने कबुलियतनामा, रोजगारीको संख्या कम नहुने कबुलियतनामा, स्थानान्तरण हुने क्षेत्रको वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक हुन्छ। ऐनमा स्थानान्तरण गर्दा सर्त तोक्ने अधिकार मन्त्रिपरिषद्लाई दिइएको छ। मन्त्रिपरिषद्लाई तजबिजी अधिकार दिने गरी कानुन सशोधन भएको थियो। यसमा पनि नीतिगत भ्रष्टाचार भएको जानकारहरू बताउँछन्।

मुख्यमन्त्रीहरूको...

पृष्ठ १ बाट क्रमशः

कार्ययोजना बनाउने, राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणालीको विकास गर्ने निर्णय गरेको थियो। मुख्यमन्त्रीहरूको गुनासो सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संघीय ऐन निर्माण गर्नु सरकारको प्रमुख कार्यभार भएको बताए। 'चार वर्ष एउटै बैठक नबसेर बित्यो। मैले ६ महिनामा दुईवटा बैठक राखेर संघीयता कार्यान्वयनको पहल लिएको छु,' उनले बैठकमा भने, 'संघीयता कार्यान्वयनमा मुख्यमन्त्रीहरूले मप्रति भरोसा गर्नुभएको छ, यही शक्तिका साथ संघीयता कार्यान्वयनमा लाग्छु।' संघीयता कार्यान्वयन गर्न आफू मुख्यमन्त्रीहरूसँग लगातार छलफलमै रहेको भन्दै प्रधानमन्त्रीले संविधान कार्यान्वयनमा सबैले चासो र चिन्तन गर्नुपर्नेमा जोडसमेत दिए। 'यो बैठकले गति पैदा गरेको अनुभूति गरेको छु। मलाई सबै मुख्यमन्त्रीज्यूहरूको आशा र भरोसा छ। संघीयता कार्यान्वयनमा यो मेरो शक्ति हो,' उनले भने, 'मैले पनि सरकारको नेतृत्वमा आएदेखि नै यही विषयलाई केन्द्रमा राखेर काम गरिरहेको छु।'

संघीयता कार्यान्वयनमा दृढताका साथ लाग्ने प्रतिबद्धता जनाउँदै प्रधानमन्त्रीले संघीय निजामती सेवा ऐन र प्रहरी समायोजनका लागि उपप्रधानमन्त्रीहरूलाई जिम्मेवारी तोकेर काम थालेको बताए। सरकारले उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्कालाई संघीय निजामती ऐन र अर्का उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रहरी समायोजनका लागि जिम्मेवारी तोकेको छ। रक्षामन्त्री खड्काले प्रधानमन्त्रीको निर्देशनअनुसार निजामती विधेयक टुंग्याउन आफूले पहल गरिरहेको उनले बताए। ऐन यही संसद् अधिवेशनबाट पारित गरिने पनि उनले बताए। त्यस्तै, गृहमन्त्री श्रेष्ठले केही दिनमै प्रहरी समायोजनको प्रक्रिया टुंग्याउने बताए। कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले संघीय कानुन निर्माणका निम्ति मन्त्रालयले काम गरिरहेको जानकारी दिँदै चालू संसद् अधिवेशनमा अधिकांश संघीय ऐन पारित हुने दाबी गरे।

कार्यविस्तृतीकरणका लागि म्याद थप

बुधबारको परिषद् बैठकले कार्यविस्तृतीकरण परिमार्जन टुंग्याउने भनिए पनि थप लम्बिएको छ। प्रधानमन्त्री कार्यालयका अनुसार कार्य विस्तृतीकरण परिमार्जनको गृहकार्यका लागि आगामी १५ फागुनसम्मको म्याद थप भएको छ।

गण्डकीका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले भने, 'आजको बैठकमा विभिन्न एजेन्डाहरू थियो, समय नपुगेपछि डिटेलमा छलफल भएन। प्रधानमन्त्रीले अब फेरि छिट्टै परिषद्को बैठक बोलाउँछु भन्नुभएको छ। कार्यविस्तृतीकरणबारे अझै छलफल गर्न बाँकी रह्यो।'

तीनै तहको अधिकारमा स्पष्टता ल्याउन एउटै प्रकृतिका कामका लागि स्थापना भएका अलग-अलग संरचा हटाउन, तीन तहका सरकारबीचका आयोजनाको दोहोरोपन हटाउन र तादात्म्यता कायम गर्न समितिले १५ फागुनभित्र कार्यविस्तृतिकरण प्रतिवेदनलाई अन्तिम रूप दिनुपर्नेछ। त्यसपछि परिषद्को अर्को बैठकमा पेस हुनेछ। प्रधानमन्त्री कार्यालयका अनुसार आगामी चैतभित्र परिषद्को अर्को बैठक बस्ने निर्णय भएको छ।

शान्ति मिसनमा...

पृष्ठ १ बाट क्रमशः

गोरख गण नै शान्ति स्थापक मिसनमा नेपालको पहिलो फौजी मिसन हो। नेपालले शान्ति मिसनमा १० हजार सेना पठाउने प्रतिबद्धता जनाएको छ। सन् २०२८ सम्म मिसनमा फौजी महिलाहरूको संख्या १५ प्रतिशत तथा सैन्य पर्यवेक्षक तथा स्टाफ अफिसरको संख्या २५ प्रतिशत पुऱ्याउने लक्ष्य राष्ट्रसंघले लिएको छ। क्रमिक रूपमा महिला सैनिकको सहभागिता बढाउन सेना प्रयासरत रहेको प्रवक्ता भण्डारीले बताए।

पछिल्लोपटक पश्चिम अफ्रिकाको मालीस्थित संयुक्त राष्ट्रसंघीय शान्ति स्थापक मिसन (युनाइटेड नेसन्स मल्टिडाइमेन्सनल इन्टिग्रेटेड स्टेबलाइजेसन मिसन इन माली) १५ पुसपछि बन्द भएको छ। तर, त्यहाँबाट १६ जना नेपाली सैनिक फर्किन बाँकी छन्। शान्ति स्थापक मिसनबाट बंगलादेशका १७ सय फिर्ता भएका छन्।

सेनाका अनुसार नेपालले राष्ट्रसंघको मागअनुसार तत्कालै परिचालन गर्न सक्ने अवस्थामा दुई कम्पनी फौज तयार छ। पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा तालिमपछि बन्दोबस्तीका सामानसहित दुई कम्पनी तयार छन्। मिसनमा तैनाथीका लागि तीन कम्पनी र एउटा बटालियनस्तरका सैनिक पनि तालिमरत छन्।

सेनाका अनुसार हाल परिचालित नेपाली सेनाका जनशक्तिमध्ये संयुक्त राष्ट्रसंघको मुख्यालयमा ६ जना, माली मिसनमा १६ जना, कंगोमा ११५४ जना, दक्षिण सुडानमा १७४२, लेबनानमा ८७३ जना, सिरिया (गोलान हाइट्स)मा ४१६ जना, सेन्ट्रल अफ्रिकन रिपब्लिकमा १२४१ जना खटिएका छन्। यसैगरी, इराकमा ८८, लिबियामा २३५, इजरायलमा ३ जना, यमनमा २ जना, अबेई सुडानमा १०४ जना र पेस्टर्नसहारामा पाँचजना सैनिक पनि कार्यरत छन्। सशस्त्र प्रहरी र नेपाल प्रहरीका दुई सय चालीसभन्दा बढी शान्ति फौज कार्यरत छन्।

महानगरभित्रका...

पृष्ठ १ बाट क्रमशः

कानुनतः १० प्रतिशत शय्या निःशुल्क गर्नुपर्ने प्रावधान भए पनि अस्पतालले अटेरी गर्दै विपन्न, बेवारिसे र असहाय बिरामीलाई उपचारबाट वञ्चित गर्दै आइरहेका थिए। अब भने महानगरपालिकाले महानगरभित्र रहेका महँगा अस्पतालले यो अनिवार्य लागू गर्नुपर्ने गरी कदम चालेको छ।

यसैअनुसार महानगरले हालै मात्र निःशुल्क स्वास्थ्य उपचारसम्बन्धी कार्यविधि, २०८० पास गरेको छ। यही कानुनमा टेकेर लक्षित वर्गलाई दिनुपर्ने १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराउन लागेको हो।

महानगरपालिका स्वास्थ्य विभागका निमित्त विभागीय प्रमुख सजिना महर्जनले यो नियम १ फागुनदेखि लागू गरिने बताइन्। 'हामीले यो नियम लागू गर्ने तयारी पूरा गरिसकेका छौं, बिहीबारदेखि अस्पतालका प्रतिनिधि बोलाएर सफ्टवेयर चलाउन सिकाउँछौं,' उनले भनिन्, 'उहाँहरूले निःशुल्क शय्याको विवरण सफ्टवेयरमा राख्नुपर्छ, यो नियम पारदर्शी हुन्छ।'

देशका ठूला र महँगा अधिकांश निजी अस्पताल काठमाडौं महानगरपालिकाभित्र छन्। महानगरको कडाइसँगै ती अस्पतालमा विपन्न, बेवारिसे र असहाय वर्गले पनि निःशुल्क उपचारको पहुँच पाउनेछन्।

महानगरले बनाएको सफ्टवेयरमा कुन अस्पतालमा कति बिरामी छन्, बिरामीको नाम, ठेगाना, फोटो, रोगको किसिमलगायत विवरण रहनेछ। डिजिटलाइज भएपछि निजी अस्पतालले ढाँट्न वा दुरुपयोग गर्न नपाउने महानगरको स्वास्थ्य विभागले जनाएको छ।

महानगरभित्रका सबै निजी अस्पतालमा यो नियम कार्यान्वयन हुँदा सात सय शय्या निःशुल्क हुनेछन्। यसबाट हरेक महिनामा कम्तीमा एक हजारजना विपन्न बिरामीले लाभ लिन सक्नेछन्। देशभरिकै विपन्न, बेवारिसे र असहाय बिरामीले महानगरका निजी अस्पतालका निःशुल्क शय्यामा उपचार गर्न पाउनेछन्।

यस्तो सेवा पाउन विपन्न, असहाय र बेवारिसेको पहिचान खुल्ने कागजात चाहिन्छ। सरकारले प्रदान गरेको विपन्न वा असहाय परिचयपत्र, वडाध्यक्षले तयार पारेको सर्जमिन तथा सिफारिस, बुवाआमाको नागरिकता वा पारिवारिक पृष्ठभूमि खुल्ने विवरण आदिका आधारमा सेवा उपलब्ध हुनेछ।

महानगरको प्रारम्भिक तथ्यांकअनुसार महानगरपालिकाभित्र ५० भन्दा बढी शय्या भएका अस्पतालको संख्या ९३ छ भने ५० भन्दा कम शय्याका ३० अस्पताल रहेका छन्। केन्द्र सरकारकै कानुनले देशभरका निजी अस्पतालमा विपन्नका लागि १० प्रतिशत शय्या निःशुल्क गर्नुपर्ने व्यवस्था गरे पनि त्यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन।

काठमाडौं महानगरभित्र रहेका निजी अस्पतालमध्ये कतिपयले निःशुल्क शय्या छुट्याए पनि लक्षित समुदायले लाभ लिन सकिरहेका थिएनन्। यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि निःशुल्क शय्यासम्बन्धी व्यवस्था गरेको थियो। तर, उक्त शय्याबाट विपन्न वर्गले लाभ लिन सकिरहेका थिएनन्।

प्रहरीमा दैनिक...

पृष्ठ १ बाट क्रमशः

वटा निवेदन प्रहरीमा दर्ता भएको प्रहरी प्रवक्ता डिआइजी भीमप्रसाद ढकाल बताउँछन् तीमध्ये करिब ८५ प्रतिशत सामाजिक सञ्जालसम्बन्धी छन्।

सामाजिक सञ्जालसम्बन्धी ११ हजार चार सय २५ र सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराध एक हजार नौ सय पाँच निवेदन प्रहरीमा दर्ता भएका छन्। जसमध्ये साइबर अपराधमा ५१ जनाको मात्र मुद्दा अदालतमा पुगेको छ।

प्रहरीका अनुसार सामाजिक सञ्जालको दुरुपयोग बढेको छ। विभिन्न किसिमका नग्न तस्बिरमा व्यक्तिको मुहार जोडी सामाजिक सञ्जालहरूमा राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अरूको सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्नेजस्ता उजुरी धेरै परेका छन्।

सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरी प्रोफाइल पेज खोलेर बेइज्जत गर्ने तथा दुःख-हैरानी दिने, सरकारी तथा अन्य संघसंस्थाहरूको वेबसाइट ह्याक गर्ने र अनलाइन ठगी गर्ने साइबर अपराध पनि छन्।

सामाजिक सञ्जालको दुरुपयोग गरी चरित्र हत्या गर्ने, ठगी गर्ने, दुर्व्यवहार गर्ने, पीडितहरूको तस्बिरमा अश्लीलता जोडी दुःख-हैरानी दिने, कम्प्युटर सामग्रीमा अनधिकृत पहुँच पुऱ्याई डाटा नष्ट गरी हानि-नोक्सानी पुऱ्याउने उजुरी धेरै पर्ने गरेका छन्।

सूचना प्रविधिको विकास र प्रयोगसँगै देखिने यस्ता प्रवृत्ति र अपराधका नयाँ शैलीले साइबर अपराध अनुसन्धान कार्यलाई चुनौती थपेको प्रहरी प्रवक्ता ढकाल बताउँछन्। 'प्रविधिको विकाससँगै प्रयोगकर्ता पनि बढिरहेका छन्। अपराधीहरूले विभिन्न सामाजिक सञ्जालको दुरुपयोग गरी साइबरजन्य अपराध गर्ने गरेका छन्। यसबाट जोगिन सबै सचेत हुन आवश्यक छ,' उनी भन्छन्, 'यस्ता अपराध हुन नदिन नेपाल प्रहरीले सचेतना फैलाउने, अपराधीलाई कानुनी दायरामा ल्याउने र साइबर ब्युरोलाई अझ प्रभावकारी बनाउँदै अनुसन्धान र कारबाहीलाई तीव्रता दिने अभियान चलाएको छ।'

सो अवधिमा दर्ता भएका निवेदनमध्ये सामाजिक सञ्जालतर्फ फेसबुक/म्यासेन्जरको दुरुपयोगका नौ हजार तीन सय ५० वटा छन्। भाइबरसम्बन्धी १६, इमोका ६, युट्युबका ३९ वटा, ट्विटरका ६, इन्स्टाग्रामका चार सय ३२, वेबसाइट ह्याकिङका ६ वटा निवेदन छन्। टिकटकमा हुने अपराध पनि बढिरहेका छन्। यो अवधिमा टिकटकसम्बन्धी ६ सय ६७ वटा उजुरी दर्ता भएका छन्। टिकटकले समाजमा अराजकता फैलाउन मद्दत गरेको भन्दै सरकारले यसलाई प्रतिबन्ध नै लगाइसकेको छ। त्यस्तै, झमेलका ८० वटा, ई-सेवाका एक सय ९० र अन्य एक सय १८ वटा निवेदन प्रहरीमा परेका छन्।

सूचना प्रविधिसँग सम्बन्धित वित्तीय अपराधतर्फ सामाजिक सञ्जाल ह्याकका सबैभन्दा धेरै चार सय तीनवटा उजुरी छन्। उपहार/पैसा पठाएकोसम्बन्धी दुई सय ६४ वटा, चिट्ठा परेको प्रलोभन देखाई ठगी गरेका ३३ वटा, वैदेशिक रोजगारको प्रलोभनका ३८ वटा, अनलाइन जागिर/कोठा खोजी दिनेतर्फ ३५ वटा छन्। बैंक तथा वालेट अफिसबाट बोलेको/ एकाउन्ट ह्याकका एक सय ५२ वटा, मास्टर कार्ड/मनी एक्सचेन्जसमेतका ६१, भिडियो सेयरिङ र ब्ल्याकमेलिङका ३५, क्रिप्टोसँग सम्बन्धित ९५, अनलाइन सपिङका चार सय ६० वटा, सामाजिक सञ्जाल फेक आइडी ६७ वटा र अन्यतर्फ दुई सय ६२ छन्।

आर्थिक वर्ष ०७९/८० मा साइबर अपराधको मुद्दा दर्ताको तथ्यांक विश्लेषणका आधारमा पीडितको उमेर समूह २६ देखि ३५ वर्ष र पिडकको उमेर १९ देखि २५ वर्षको धेरै संख्या रहेको प्रहरीले जनाएको छ।

सच्याईएको बारे

यस **राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र,** खुमलटार, ललितपुरको मिति २०८०/१०/२४ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित प्लाष्टिक टनेल निर्माण कार्य सम्बन्धिको सूचनामा यस केन्द्रको नाम राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरी सच्याईएको व्यहोरा अनुरोध छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
बि.सं. १९९२/१/१०

स्वर्गारोहण
बि.सं. २०८०/१०/१३

स्व. बाल मुकुन्द श्रेष्ठ

यस संघका भेग नं. ३१ को भेग प्रतिनिधि श्री प्रेमराज श्रेष्ठको पुज्यनिय पिता बाल मुकुन्द श्रेष्ठको स्वर्गारोहण भएको आज १३औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद घडीमा ईश्वरले शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् ।

नेपाल खुद्रा व्यापार संघ परिवार
टेकु, पचली

अपि पावर कम्पनी लिमिटेडको
API POWER COMPANY LIMITED
Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal

UNAUDITED FINANCIAL STATEMENTS FOR THE SECOND QUARTER
Fiscal Year 2080/81 Ended 29th Poush 2080 (14th January 2024)

	" This Quarter Ending Poush end 2080 "	" Previous Quarter Ending Ashwin end 2080 "	Corresponding Previous Year Quarter Ending Poush end 2079
ASSETS			
Non-current Assets			
(a) Property , Plant & Equipment			
i) General Assets	28,140,296	13,606,105	18,292,460
ii) Project Assets	11,272,809,182	10,804,716,059	3,503,662,714
iii) Project Assets Under Development	110,755,491	110,976,357	4,725,885,993
(b) Intangible Assets	85,300	22,517,144	23,273,413
(c) Investments	572,540,320	473,567,831	220,728,000
Total Non-current Assets	**11,984,330,589**	**11,425,383,496**	**8,491,842,580**
Current Assets			
(a) Financial Assets			
(i)Trade Receivables	228,482,210	132,962,476	72,001,466
(ii) Cash and Cash Equivalents	12,572,164	94,548,250	29,233,691
(iii) Investments in Equity Instruments	217,972,675	24,535,579	28,651,133
(iv) Other Financial Assets	1,168,865	14,388,832	102,993,504
(b) Current Tax Assets	169,739	2,993,116	1,007,854
(c) Other Current Assets	182,624,217	159,473,637	1,227,506,634
Total Current Assets	**642,989,869**	**428,901,891**	**1,461,394,282**
Total Assets	**12,627,320,458**	**11,854,285,387**	**9,953,236,862**
EQUITY AND LIABILITIES			
Equity			
(a) Equity Share Capital	5,786,597,912	5,667,104,512	3,844,915,546
(b) Other Equity	191,323,288	138,853,282	371,294,191
Total Equity	**5,977,921,200**	**5,805,957,794**	**4,216,209,737**
Liabilities			
Non-current Liabilities			
(a) Financial Liabilities			
Borrowings	4,880,002,623	4,881,259,340	5,184,500,208
Total Non-current Liabilities	**4,880,002,623**	**4,881,259,340**	**5,184,500,208**
Current liabilities			
(a) Financial liabilities			
(i) Borrowings	1,113,177,780	997,335,583	499,914,786
(ii) Other Financial Liabilities	622,938,390	114,762,120	22,307,319
(b) Current Tax Liabilities	236,079	2,964,995	1,167,708
(c) Other Current Liabilities	33,044,385	52,005,553	29,137,104
Total Current Liabilities	**1,769,396,634**	**1,167,068,252**	**552,526,917**
Total Liabilities	**6,649,399,258**	**6,048,327,592**	**5,737,027,125**
Total Equity and Liabilities	**12,627,320,458**	**11,854,285,387**	**9,953,236,862**

	" This Quarter Ending Poush end 2080 "	" Previous Quarter Ending Ashwin end 2080 "	Corresponding Previous Year Quarter Ending Poush end 2079
Revenue from Operations	620,066,796	261,617,777	274,250,388
Cost of Sales	88,243,542	(41,484,465)	(38,883,380)
Gross Profit	**531,823,254**	**220,133,312**	**235,367,008**
Other Income	1,180,395	874,476	5,838,539
	533,003,649	221,007,788	241,205,547
Expenses			
Administrative Expenses	17,337,784	6,905,227	3,227,474
Employee Benefits Expense	-	-	-
Finance Costs	214,798,624	156,534,901	98,689,510
Depreciation and Amortisation Expense	297,855,110	96,889,443	71,964,221
Gain/Loss on Investment through FVTPL	487,712	552,563	1,346,238
Impairment on Financial Assets	-	-	-
Total Expenses	**530,479,230**	**260,882,134**	**175,227,443**
Profit Before Bonus & Tax	**2,524,419**	**(39,874,346)**	**65,978,104**
Provision For Staff Bonus	144,920	-	1,786,645
Profit Before Tax	**2,379,499**	**(39,874,346)**	**64,191,459**
Tax Expense			
(1) Current Tax	236,079	174,895	1,167,708
(2) Deferred Tax			
Profit/(Loss) Before CSR	**2,143,420**	**(40,049,241)**	**63,023,751**
Provision For CSR		-	630,238
Profit/(Loss) For the Period	**2,143,420**	**(40,049,241)**	**62,393,513**
Other Comprehensive Income			
Fair Value Gain on Investment	77,310,000	36,000,000	-
Total Other Comprehensive Income	**77,310,000**	**36,000,000**	
Total Comprehensive Income For The Period	**79,453,420**	**(4,049,241)**	**62,393,513**

Ratios	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Earnings per share (in Rs. Annualized)	2.75	(0.29)	3.25
Market value per share	194.00	172.20	273.00
Price Earning Ratio	70.65	(593.79)	84.12
Current Ratio	0.36	0.37	2.64
Return on Assets (Annualized)	2.52%	-0.14%	1.25%
Net worth per share (in Rs.)	103.31	102.45	109.66

Notes:
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts.
2. Previous period figures have been reclassified / adjusted wherever considered necessary.

SECOND QUARTER DISCLOSURE AS OF 14TH JAN 2024
AS PER SECURITIES REGISTRATION AND ISSUE REGULATIONS, 2073

1. **Financial Statements**
   - The unaudited financial statements for the Second quarter and the financial ratios have been published along with this report.
   - Transaction with related parties: Payable to Api Hydro Mechanical Limited amounting NPR 5,45,25,504.25 /- and project advance to Makalu Developers Limited amounting NPR 5,42,24,089.52/-
   - Important Financial Ratios: As attached in the unaudited financial statements.
2. **Management's Analysis**
   - The Company has successfully commenced the commercial operation of the 8.5 MW Naugad Gad Small Hydropower Project and is continuing to operate the same.
   - The Company has also completed the construction of 8.00 MW Upper Naugadh Gad Hydropower Project and is continuing to operate the same.
   - The Company has also completed the construction of 4.00 MW Chandranigahpur Solar Project and is continuing to operate the same.
   - The Company has also completed the construction of 1.00 MW Dhalkebar Solar Project and is continuing to operate the same.
   - The Company has also completed the construction of 1.00 MW Simara Solar Project and is continuing to operate the same.
   - The Company has also completed the construction of 40.00 MW Upper Chameliya HPP and is continuing to operate the same.
3. **Legal Proceedings

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार २५ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

खेल संक्षेप

ठमेल सेमिफाइनलमा

कास्की/ एक्स वारियर, जोरपाटी काठमाडौं, नागश्वेती भेट्टान र ठमेल भेट्टान पोखरामा चलिरहेको बगर भाइखलक एट ए साइड अन्तर्राष्ट्रिय भेट्टान्स फुटबल प्रतियोगिताअन्तर्गत ४० वर्षमाथि उमेर समूहको सेमिफाइनलमा पुगेका छन् । एक्स वारियरले आयोजक बगर भाइखलकलाई टाइब्रेकरमा ५-४ ले हरायो । जोरपाटीले हेटौंडा भेट्टानलाई ३-० ले निराश गऱ्यो । नागश्वेतीले थापा गाउँ भेट्टानमाथि ३-२ को जित निकाल्यो ।

गेटवे र बिआइएस तेस्रो

काठमाडौं/ गेटवे एकेडेमी, बौद्ध इन्टरनेसनल स्कुल (बिआइएस) र विद्या विकास प्रथम अक्षरा कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा तेस्रो भएका छन् । गेटवे सिनियर पुरुष, बिआइएस सिनियर महिला र विद्या विकास मिक्स जुनियरमा तेस्रो भएका हुन् । सिनियर पुरुषमा गेटवेले शिक्षालय नेपाललाई ५७-४३ ले पराजित गऱ्यो । सिनियर महिलामा बिआइएसले शिक्षालयलाई २३-१२ ले हरायो । मिक्स जुनियरमा विद्या विकासले अक्षरामाथि २८-१२ को जित दर्ता गऱ्यो । प्रतियोगिताको फाइनल बिहीबार हुनेछ । तीनै विधामा भ्याली पब्लिक फाइनलमा पुगेको छ ।

नेपाल र क्यानडाबीचको शृंखला आजबाट

नयाँ पत्रिका

नेपाल र क्यानडाबीचको एकदिवसीय क्रिकेट शृंखला बिहीबारदेखि त्रिवि क्रिकेट मैदानमा हुँदै छ । क्यानडाविरुद्ध नेपालले ६ दिनको अन्तरमा तीन खेल खेल्नेछ । युवा खेलाडी सम्मिलित दुवै टोलीले शृंखला जित्ने लक्ष्य राखेका छन् । घरेलु टोलीले अधिकांश युवा खेलाडीलाई पहिलो प्राथमिकतामा राखेको छ । प्रशिक्षक मोन्टे देसाईले अधिकांश सिनियर खेलाडीलाई रेस्टमा राखेका छन् । उनले यसपटक युवा खेलाडीलाई अवसर दिएका छन् । नेपाली टोलीको कप्तानी रोहितकुमार पौडेलले नै गर्नेछन् ।



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले प्रधानमन्त्री कप एकदिवसीय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका युवा खेलाडीलाई प्राथमिकतामा राख्दै राष्ट्रिय टोलीमा समावेश गरेको हो । क्यानडाविरुद्ध भिड्न नेपालले दुई दिन अभ्यासको अवसर पाएको थियो । 'दुई दिनको मात्रै तयारी गरेका छौं । त्यसअघि प्रधानमन्त्री कपमा व्यस्त थियौं,' कप्तान रोहितले भने, 'पिएम कपमा उत्कृष्ट प्रदर्शन गरेका युवा खेलाडीलाई प्राथमिकतामा राखेका छौं, खेलाडीबीच तालमेल हुने गरी राम्रोसँग अभ्यास भएन ।'

नेपालविरुद्ध देखिँदै पुबुदु

२०१४ मा नेपालले टी-२० विश्वकप खेल्दा पुबुदु दासानायके प्रशिक्षक थिए । उनकै प्रशिक्षणमा नेपालले पहिलोपटक टी-२० विश्वकप खेलेको थियो । अहिले पुबुदु क्यानडाका मुख्य प्रशिक्षकका रूपमा नेपाल आएका छन् । प्रशिक्षक पुबुदुले बुधबार आयोजित पत्रकार सम्मेलनमा क्यान र पूर्वकप्तान तथा क्यानका सचिव पारस खड्काको प्रशंसा गरेका छन् । 'क्यानमा पारस, विनोद दास र मोन्टीजस्ता छन्, यो नेपाली क्रिकेट थप अर्को स्तरमा पुग्नु हो,' उनले भने, 'पछिल्लो समय नेपाली क्रिकेटले प्राप्त गरेको उपलब्धि नजिकबाट नियालेको छु ।' पुबुदुले नेपाल आउन सधैं रमाइलो लाग्ने बताए । क्यानडाका कप्तान साद बिन जाफरले नेपालविरुद्धको खेललाई अवसरका रूपमा लिएका छन् ।

नेपालको युवा टोली

पिएम कपमा उत्कृष्ट प्रदर्शन गरेका र यू-१९ टोलीका अधिकांश खेलाडी छन् । यू-१९ का कप्तान देव खनालसहित आकाश चन्द र हेमन्त धामी तथा रिजन ढकाल छन् । देवले राष्ट्रिय टोलीबाट डेब्यु गरिसकेका छन् । आकाश, हेमन्त र रिजनले पहिलोपटक टोलीमा स्थान बनाएका हुन् । यसैगरी, ओपनर अनिलकुमार शाहसँगै पवन सर्राफ र स्पिनर सूर्य तामाङ फर्किएका छन् । रोहितसँगै आसिफ शेख, कुशल भुर्तेल, कुशल मल्ल, सोमपाल कामी, ललितनारायण राजवंशी र भीम सार्कीले निरन्तर पाएका छन् । करण केसी, दीपेन्द्रसिंह ऐरी र गुल्सन झा टोली छैनन् । कप्तान रोहितले ब्याटिङतर्फ नेपाल बलियो रहेको जनाए । तर, करण केसी नहुँदा बलिङमा केही समस्या आउन सक्ने उनको भनाइ छ । 'ब्याटिङतर्फ सबै राम्रै छ, तर बलिङमा करण (दाइ) नहुँदा समस्या हुन सक्छ,' उनले भने ।

सडन डेथमा एनआरटीले बाजी माऱ्यो



मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडाको गौरी रंगशालामा न्युरोड टिम (एनआरटी) र धनकुटाको राजारानी फुटबल क्लबबीचको बुधबारको प्रतिस्पर्धामा टाइब्रेकर र सडेन डेथमा गरी खेलाडीले ३८ पटक गोलका लागि प्रयास गरे । रोमाञ्चक तथा नाटकीय खेलमा एनआरटीले राजारानीलाई सडेन डेथमा १७-१६ ले स्तब्ध पार्दै छैटौं स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा स्थान पक्का गरेको छ । प्रतियोगिताको पहिलो सेमिफाइनलको निर्धारित र अतिरिक्त समयमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए ।

त्यसपछि खेल टाइब्रेकरमा पुग्यो । टाइब्रकेरमा दुवै टोलीका पाँच-पाँच खेलाडीले गोल गरे । टाइब्रेकरसमेत बराबरी भएपछि खेलको नतिजा सडन डेथबाट भएको हो । सडनडेथमा दुवै टोलीका ११-११ जना खेलाडीले प्रहार गरे । जसमा समान १० खेलाडीले गोल गरेका थिए । यसमा पनि गोल संख्या बराबरी भएपछि दोहोऱ्याएर प्रहार भएको थियो । पहिलो सडन डेथमा राजारानीका पिटर सेगुनको प्रहारलाई एनआरटीका गोलरक्षक प्रिसोले बचाए ।

एनआरटीका नरेन्द्र चौधरीको प्रहार बारमा लागेर फर्किएको थियो । दोस्रोपटकको प्रहारमा राजारानीका प्रवेश दनुवारको प्रहार बाहिरिएको थियो । शिशिर लेखीको प्रहारलाई प्रिसोले रोकेका थिए । अन्तिममा मोहित गुरुङको प्रहार गोल भएसँगै एनआरटीले सडेन डेथमा जित निकाल्यो । टाइब्रेकरमा एनआरटीका प्रिसो, सरोज तामाङ, जय गुरुङ, विवेक गुरुङ र अभिषेक गुरुङले गोल गरेका थिए । राजारानीका लागि रूपेश केसी, विशाल घलान, उमेश कार्की, अशोक वास र दीप कार्कीले गोल गरे । एनआरटीले अब उपाधिका लागि बागमती युवा क्लब र एपिएफ क्लबको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ । प्रतिस्पर्धामा एनआरटीका र राजारानीका गोलरक्षकले उत्कृष्ट बचाउ गरेका थिए ।

सेन्ट जेभियर्स र मोडेल एकेडेमी च्याम्पियन

नेपालगन्ज/ नेपालगन्ज सेन्ट जेभियर्स स्कुल (छात्र) र नेपालगन्ज मोडेल एकेडेमी (छात्रा) मेयर कप अन्तरविद्यालय छात्र-छात्रा फुटबल प्रतियोगिताको च्याम्पियन बनेका छन् । नेपालगन्जमा बुधबार भएको फाइनलमा सेन्ट जेभियर्सले नेपालगन्ज मोडेल एकेडेमीलाई २-० ले पराजित गरेको छ । सेन्ट जेभियर्सको जितमा सुमित थापाले दुई गोल गरेका थिए । उनले खेलको ६० औं र ६७औं मिनेटमा गोल गरे । उनी नै फाइनलका म्यान अफ द म्याच भए ।

यसैगरी, छात्रा फाइनलमा नेपालगन्ज मोडेल एकेडेमीले बाँके खजुराको मनकामना माविलाई २-० ले हराउँदै उपाधि जित्यो । नेपालगन्ज मोडेल एकेडेमीको जितमा तिलसरा बुढाले २० औं मिनेटमा १-० को अग्रता दिलाइन् । खेलको ५०औं मिनेटमा चमेली चौधरीले अर्को गोल थपिन् ।



तेस्रो मनमोहन स्मृति क्रिकेट हुँदै

काठमाडौं/ पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीको स्मृतिमा यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिता हुने भएको छ । मनमोहन मेमोरियल क्रिकेट सेन्टरको आयोजना र नेपाल क्रिकेट संघ (क्यान)को सहयोगमा हुने प्रतियोगिता २८ माघदेखि ७ फागुनसम्म हुनेछ । पोखरा रंगशालामा हुने प्रतियोगिता सात प्रदेश र आयोजकको एक टोली सहभागी हुनेछन् । यसपटक १५ वटा खेल २५ ओभरका हुनेछन् । लिग कम नकआउटअन्तर्गत हुने प्रतियोगिताको समूह 'क'मा कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेश छन् । समूह 'ख'मा मधेश, लुम्बिनी, सुदूरपश्चिम तथा मनमोहन मेमोरियल रहेका छन् । विजेताले एक लाख र उपविजेता ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडी, ब्याट्समयान, बलर र म्यान अफ द म्याचलाई खेल सामग्रीसहित नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तालिम केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
(सूचना प्रकाशित मिति : २०८०/१०/२५)

यस कार्यालयबाट मिति २०८०/०९/१३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

सि. नं.	कामको विवरण	ठेक्का नं	बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम (मु.अ.कर बाहेक)
1	Construction of Compound Wall at Education Training Centre	ETC/NCB/ WORKS/01/080-081	श्री जि.एम. कन्स्ट्रक्सन, भक्तपुर	रु.२३,६४,६७१/४३

तालिम प्रमुख

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,स्याङ्गजा,नेपाल
बोलपत्र स्वीकृत गर्ने आशयको सुचना
(प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२५)

यस कार्यालयको मिति २०८०/०९/०९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार म्याद भित्र रितपूर्वक पेश भएका बोलापत्रहरु मध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही रहेका बोलापत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन , २०६३ दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट भएकाले सोहि ऐनको दफा २७(२)को प्रयोजनार्थ यस कार्यालयको मिति २०८०/१०/२४ को निर्णय अनुसार यो बोलपत्र स्वीकृत आशयको सुचना प्रकाशन गरिएको छ । तपशिलः

सि.नं	ठेक्का नं.	विवरण	बोलपत्र दाताको नाम	कबोल अंक (मु.अ.क. समेत) रु.
1	05/2080-081/ Goods/ WSSDOSyangja	जि.आई. तथा सिमलेस पाईप, फिटिङ्ग खरिद कार्य, स्याङ्गजा, कास्की	वायुदूत ट्रेड एण्ड सप्लायर्स,काठमाडौं	८२,८७,३४५.८२

डिभिजन प्रमुख

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Alternative Energy Promotion Centre (AEPC)
Mid Baneshwar, Kathmandu, Nepal
Phone: +9771-4598013, 4598014 Fax: 01-5542397
Website: www.aepc.gov.np, Email: info@aepc.gov.np

REQUEST FOR PROPOSALS

Date of Notice Publication : 08 February 2024

Alternative Energy Promotion Centre (AEPC), a National focal agency promoting renewable energy technologies and energy efficiency in Nepal, is currently executing various Renewable Energy Programs with the support of the Government of Nepal and various international development partners. AEPC hereby Requests for Proposal (RFP) from eligible Consulting Firms/Institutions for the following tasks:

SN	Contract ID	Name of Task	Technical Proposal Opening Date and Time
1	AEPC/CE/RFP/2080/81-02	Conduction of MHP Manager Training	12:15 PM on 23 February 2024
2	AEPC/CE/RFP/2080/81-03	Conduction of MHP Operation Training	12:30 PM on 23 February 2024
3	AEPC/CE/RFP/2080/81-04	Preparation of technical report for rehabilitation of selected micro hydro projects in Bajhang, Doti and Jajarkot	12:45 PM on 23 February 2024

- The proposal must contain **Technical and Financial proposals** sealed in Separate Envelopes. Both the sealed proposals must be sealed in another single envelope mentioning the Title of the task and RFP Number. Separate proposals for each task are required to be submitted.
- Detailed RFP (with ToR) for the above task can be downloaded from **www.aepc.gov.np** or can be obtained from **AEPC, Mid-Baneshwar, Kathmandu, Nepal.**
- Proposal (in Hard Copy) must be delivered manually to the address above by 12:00 hour's local time on or before 23 February 2024.
- Received Proposal **(Technical)** shall be opened in the presence of Proponents' representatives who choose to attend **at above mentioned time** at the office of **AEPC, Mid Baneshwor, Kathmandu, Nepal.**
- The method of selection will be Quality and Cost Based Selection (QCBS), 80:20 weightage for Technical and Financial proposals respectively.
- Other details are available in the RFP document.

Province Government
Ministry Of Social Development
Public Construction Implementation Unit
Bhaisepati, Kavre
Bagmati Province, Nepal

Invitation for Bids

First Date of publication: 2080/10/25(08/02/2024)

1. Public Construction Implementation Unit invites electronic bids from Nepalese eligible bidders for the following works as mentioned in the table below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Public Construction Implementation Unit, Bhaisepati, Kavre, Phone no **:- 011-661492, 9851229326** or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office (Inland revenue) account as specified below and scanned copy (pdf format)of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids .

   Information to deposit the cost of bidding document in Bank:

   Cost of each Bidding document : NRs 3000 .
   Name of the Bank :- Rastriya Banijya bank,Dhulikhel branch,Kavre
   Bank A/C No : 1000100200010000
   Rajaswa Shirsak no. : 14229
   Name of Office :- Public Construction Implementation Unit, Bhaisepati, Kavre
   Office Code no. :- 3500026013
4. Bid Security from authorized bank or may Deposit account :- 1040100202030000 (KHA-2-3:Dharauti A/C/PRA.LE.NI.KA
5. Pre-bid meeting shall be held at office of Public Construction Implementation Unit, Bhaisepati, Kavre on 2080/11/15 at 2:00 PM.
6. Electronic bids must be submitted to the office Public Construction Implementation Unit , Bhaisepati through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2080/11/27 (10/03/2024). Bids received after this deadline will be rejected.
7. The Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2080/11/27 (10/03/2024) at the office of Public Construction Implementation Unit. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security. The bid security amounting prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Public Construction Implementation Unit, Bhaisepati, Kavre reserves the right to accept or reject, wholly or partly and or all the bids without assigning reason, whatsoever.
10. Matter not specified in this notice and the biding documents follows according to the Public Procurement Act 2063 and Public Procurement Rules 2064 of Nepal along with latest amendments and PPMO Guidelines.
11. The name and identification of contract under single stage one envelop bidding procedure are as follows:

S. N.	Contract ID	Name of Project	Estimated Amount (Without VAT & PS)	Bid Security Amount (NRS.)	Cost of Bid document
1.	PCIU/NCB/ WORKS/ 17/080-081	Construction of two room School Building at Archale Aa.wi. Balephi-02,Sindhupalchok	2508566.70	75000	3000
2.	PCIU/NCB/ WORKS/ 18/080-081	Construction of two room School Building at Jalpadevi Ma.Vi. Melamchi-02,Sindhupalchok	2509262.31	75000	3000
3.	PCIU/NCB/ WORKS/ 19/080-081	Construction of two room School Building at Mahakali Ma.Wi. Mandandeupur-02, Kavrepalanchok	2508873.72	75000	3000

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com